छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष २६ •अंक ३५१ • २०८२ साल जेठ ४ गते आइतबार (18 May, Sunday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।–


## वीरगंजमा जसपा नेपालको खबरदारी सभा, परिसंघको संघर्षका कार्यक्रम सार्वजनिक



**टुडे समाचारदाता**

वीरगंज । जनता समाजवादी पार्टी नेपालले हालै गठन गरेको केन्द्रीय परिसंघले देशको सबै उत्पीडित समुदायलाई समेटेर बृहत् अन्तर्क्रियासहितको खबरदारी सभा आयोजना गरेको छ।

वीरगंजमा शनिबार भएको सभालाई प्रमुख वक्ता जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले उद्घाटन गर्दै अध्यक्ष यादवले १३ पृष्ठको उक्त अवधरणा पत्र प्रस्तुत गरेका थिए।

जसपा नेपालले नागरिक अधिकार, समानता, स्वतन्त्रता र सामाजिक न्यायका लागि संयुक्त संघर्ष गर्ने उद्देश्यले केन्द्रिय परिसंघको ब्यानरमा बृहत् अन्तरक्रियात्मक खबरदारी सभा आयोजना गरेको छ।

परिसंघको आयोजनामा भएको सो कार्यक्रममा दलित, थारु, महिला, आदिवासी जनजाति, पिछडावर्ग, मुस्लिम र अल्पसंख्यक समुदायसँग सम्बन्धित नेतृत्व, संघ-संस्था तथा व्यक्तित्वहरूको सक्रिय सहभागिता रहेको थियो।

परिसंघको कार्यदिशा, आगामी कार्यभार र उद्देश्यहरू समेटिएको ३५ बुँदे अवधारणा पत्र सार्वजनिक गरिएको छ।

सो अवधारणा पत्रमा दलित, आदिवासी जनजाति, पिछडावर्ग, थारु, अल्पसंख्यक समुदाय र महिलामाथि भइरहेको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र राजनीतिक असमानता, विभेद, शोषण र उत्पीडन अन्त्य गर्ने उल्लेख गरिएको छ।

उत्पीडित समुदायहरूको राष्ट्रिय पहिचानको मान्यता, जनसंख्याका आधारमा प्रतिनिधित्व, मानव अधिकारको प्रत्याभूति, सबैलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, समानता र सामाजिक न्याय सुनिश्चित गर्न संघर्ष गरिने सो परिपत्रमा उल्लेख गरिएको छ।

### विद्यार्थी र प्रहरीबीच झडप

## १० जना पक्राउ, अश्रुग्यास प्रहार, वण्डरलैण्ड वाटरपार्कमा सामान्य क्षति

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लाको क्षीरेश्वरनाथ नगरपालिकाको वडा नम्बर १ रमदैयास्थित वण्डरलैण्ड वाटरपार्कमा शनिबार बिहान विद्यार्थी र प्रहरीबीच झडप भएको छ।

वंडरलैण्ड वाटरपार्कमा अनधिकृत रुपमा प्रवेश गरेका विद्यार्थीहरुले उपद्रव गर्न थालेपछि प्रहरीले हस्तक्षेप गरेको थियो।

कमजोर व्यवस्थापनको कारण भएको अराजक स्थितिलाई नियन्तणमा लिन प्रहरीले ४ राउण्ड अश्रुग्यास प्रहार गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। प्रहरीले १० जना विद्यार्थीलाई नियन्त्रणमा लिएको पुष्टि गरेको छ। विद्यार्थीले गरेको ढुंगामुढाबाट ५ जना सुरक्षाकर्मी सामान्य घाइते भएका छन्।

प्रहरीका अनुसार पार्कमा समान्य क्षति भएको छ। जानकी फन पार्क एण्ड रिसोर्टका सञ्चालक गुड्डु जैनले आइतबारदेखि निर्धारित समयमा नै फन पार्क सञ्चालन हुने जनाएका छन्।

शिक्षा क्षेत्रमा क्रियाशील कृष्ण फाउन्डेशन नामक संस्थाले कक्षा १२ को परीक्षा दिएका विद्यार्थीहरुलाई लक्षित गरी वाटरलैण्ड पार्कसित सम्झौता गरी प्रति विद्यार्थी एक सय रुपैयाँमा टिकट बिक्री गरेको थियो। सामान्यतया ९ सय रुपैयाँ पर्ने टिकट एक सय रुपैयाँमा क्यूआर कोडमार्फत बिक्री गरिएको थियो। सस्तो टिकट पाएपछि शनिबार बिहानै पार्कमा ठूलो संख्यामा विद्यार्थी पुगेका थिए।

तर, पार्कको क्षमता भन्दा धेरै विद्यार्थी आएका कारण व्यवस्थापन पक्षले प्रवेशमा रोक लगाएपछि विवाद शुरु भएको बताइएको छ। विवादका क्रममा पार्कका कर्मचारीले विद्यार्थीमाथि हातपात गरेको आरोपपछि विद्यार्थी आक्रोशित बनेर तोडफोडमा उत्रिएको बताइएको छ।



जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी प्रहरी निरीक्षक सञ्जीवकुमार यादवले जनाए अनुसार स्थिति नियन्त्रणमा लिन गएका प्रहरीमाथि विद्यार्थीले ढुंगामुढा गरेका थिए। झडपमा ढुंगामुढाबाट ५ जना प्रहरी सामान्य घाइते भएको उनले जनाएका छन्।

पार्क सञ्चालक गुड्डु जैनले कृष्णा फाउण्डेशनले शैक्षिक संस्थाको प्रचारप्रसारका लागि बिहान ९ देखि ११ बजेसम्मका लागि पार्क लिएको जनाएका छन्। 'पार्कको क्षमता भन्दा अत्यधिक संख्यामा मानिसको उपस्थिति भएपछि स्थिति तनावपूर्ण बनेको उनले जनाएका छन्। 'अपेक्षा भन्दा बढी संख्यामा विद्यार्थी आएको कारण व्यवस्थापनमा समस्या आयो र स्थिति बिग्रियो ' उनले भने, पार्कको मुख्य प्रवेशद्वारमा क्यूआर कोडको रिसिभ र परिचय पत्र अनिवार्य रुपमा देखाएर प्रवेशको व्यवस्था गरिएको थियो।

तर विद्यार्थीहरु पर्खाल र ढोकामा चढेर जथाभावी प्रवेश गर्न थालेपछि समस्या उत्पन्न भएको उनले बताएका छन्।

विद्यार्थीहरूले गेट, लाइट र सजावटका सामग्री तोडफोड गरेको जैनेले जनाएका छन्।

कृष्णा फाउण्डेशनले कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई आफूले भनेको कलेजमा भर्ना गराउने उद्देश्यले एक हप्ताअघिदेखि नै वाटरपार्कमा भेला पार्ने योजना बनाएको थियो। सस्तो टिकटमा मनोरञ्जन पाइने लोभमा अपेक्षाभन्दा धेरै विद्यार्थी उपस्थित हुँदा अप्रिय घटना भएको बताइएको छ।

प्रहरीले घटनामा संलग्न रहेको आशंकामा नियन्त्रणमा लिइएका १० जनासँग सोधपुछ भइरहेको जनाएको छ।

घटनापछि दिउँसो कृष्णा फाउण्डेशनको तर्फबाट उपाध्यक्ष सुजीत कर्णले जारी गरेको विज्ञप्तिमा विद्यार्थीहरुबाट उठाइएको एक रुपैयाँ फिर्ता गरिने जनाएका छन्। 'तोडफोड लगायतका घटनामा संलग्नहरुलाई कारबाहीको माग गर्दछौँ' उनले विज्ञप्तिमा भनेका छन्, 'पवित्र उदेश्यका साथ गरिएको कार्यक्रममा भएको अप्रिय घटनाप्रति दुख व्यक्त गर्दछौँ।'

पार्कका सञ्चालक जैनले जारी गरेको विज्ञप्तिमा आइतवारबाट पुनः निर्धारित समयमा नै सञ्चालन हुने जनाएका छन्।

उनले पानीको सफाइ लगायत मर्मतका कार्यहरु भइरहेकोले सञ्चालनमा ढिलाइ नहुने जनाएका छन्। पार्कमा हाल वाटरलैण्ड हाल सञ्चालनमा रहेको छ।

प्रहरीले यस प्रकारको कार्यक्रमको आयोजना गर्न सुरक्षा निकायसित समन्वय गर्न भनेको छ। भीडभाड हुने कार्यक्रमका लागि अनिवार्य रुपमा स्वीकृति र समन्वय हुनुपर्ने धनुषाका प्रहरी प्रमुख एसपी नरहरी रेग्मीले जनाएका छन्।

घटनामा संलग्नहरुको पहिचान र अनुसन्धान जारी रहेको बताउँदै उनले भने, 'दोषीहरुलाई कारबाहीको दायरामा ल्याइने छ।'







# हरिपुरमा रुखको हाङ्गा खस्दा दुई मोटरसाइकल चालक घाइते



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपुर नगरपालिका वडा न-२ स्थित सानो जगतपुरको भित्री सडक खण्डमा शुक्रबार राति एक्कासी हावाहुरी आएपछि रुखको हाङ्गा खस्दा दुई जना मोटरसाइकल चालक घाइते भएका छन् ।

राति करिब साढे ७ बजे मलंगवाबाट घुरकौलीतर्फ जाँदै गरेका हरिवन नगरपालिका वडा न-५ का १८ वर्षीय बलिराम महतो र सोही दिशातर्फ गइरहेका ५२ वर्षीय गंगाराम महतोको मोटरसाइकलमा हाङ्गा खसेको थियो ।

रुखको हाङ्गा खस्दा दुवै जनालाई सामान्य चोटपटक लागेको र उनीहरूलाई उपचारका लागि नमुना अस्पताल हरिवनमा लगिएको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ ।

सो घटनाको जानकारी प्राप्त भएलगत्तै इलाका प्रहरी कार्यालय हरिपुरका प्रमुख पनिलाल ठाकुरको नेतृत्वमा टोली घटनास्थलमा खटिएको थियो । उपचारपछि राति नै दुबै जना डिस्चार्ज भई घर फर्किएको प्रहरीले जानकारी दिएको छ ।

# स्वच्छ ऊर्जा उत्पादन क्षमता वृद्धिमा जोड

काठमाण्डु । सरोकारवालाहरुले दिगो विद्युत् उत्पादनलाई स्वच्छ ऊर्जाको उत्पादन क्षमता वृद्धिमा जोड दिनुभएको छ । शुक्रबारदेखि सुरु भएको सगरमाथा संवादको शनिबार दोस्रो दिनको पाँचौं समानान्तर सत्रअन्तर्गत 'भविष्यको ऊर्जाः स्वच्छ ऊर्जाको सदुपयोग' विषयमा बोल्दै उहाँहरुले ऊर्जा उत्पादन बढाएर निर्यात प्रवर्द्धनका लागि स्वच्छ ऊर्जाको सदुपयोग बढाउन आवश्यक रहेको बताउनुभएको हो ।

सत्रमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले जलवायुजन्य चुनौतीका कारण पानीको स्रोत घट्ने र जलविद्युत् उत्पादनमासमेत असर पुग्ने बताउनुभयो । "जाडो याममा पानीको स्रोत घट्दा नै नेपालले ऊर्जा भारतबाट आयात गरेर विद्युत् आपूर्ति गराएका छौं", उहाँले भन्नुभयो, "अर्को समस्या भनेको प्रसारण लाइन जडानकै क्रममा धेरैजसो स्थानीय प्रतिरोधको सामना गर्नुपरेको छ, सर्वसाधारणहरु प्रसारण लाइन चाहन्छन्, तर आफ्नै घर अगाडि र पछाडि होइन, अब त्यसलाई कसरी प्रवर्द्धन गर्ने ?"

शाक्यले उद्योगहरूलाई विद्युतीकरण गर्नका लागि भरपर्दो ऊर्जा आवश्यक रहेको बताउनुभयो । नेपालको प्रसारण प्रणाली निकै कमजोर रहेको भन्दै उहाँले भन्नुभयो, "हिजो साँझ मात्रै धेरैपटक लाइन काटियो, किनभने हाम्रो प्रसारण प्रणाली निकै कमजोर छ, एउटा लिङ्क बिग्रिएपछि सिङ्गो प्रणाली नै बन्द हुन्छ ।"

अहिले प्रसारण सञ्जालमा निजी क्षेत्रको सहभागिता पनि खोजिएका र यसका लागि नियामक संरचना आवश्यकपर्ने उहाँको भनाइ छ । "निजी क्षेत्रलाई कसरी समावेश गर्ने भन्ने विषय महत्वपूर्ण छ, नेपाल विद्युत् प्राधिकरणसँग पर्याप्त वित्तीय स्रोत छैन, त्यसैले निजी क्षेत्रलाई आकर्षित गर्नुपर्छ", शाक्यले भन्नुभयो ।

यसैगरी काठमाडौं विश्वविद्यालयका उपकुलपतिका डा अच्युतप्रसाद वाग्लेले हरित ऊर्जा उत्पादन र प्रयोग प्रवर्द्धन गर्न निजी क्षेत्र र सरकारलाई प्रोत्साहित गर्नुपर्नेमा जोड दिनुभयो । "अहिले हामी न्यूनतम ऊर्जा आवश्यकतालाई पूरा गर्न चाहन्छौं, तर लगानी कहाँबाट जुट्छ ? त्यसैले लगानीका नयाँ स्रोत पहिचान गर्नु अत्यावश्यक छ, केवल सार्वजनिक लगानीको भरमा मात्र यसो सम्भव हुँदैन", उहाँले भन्नुभयो, "हरित जलवायुमैत्री लगानीका अन्तरराष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि जोड दिनुपर्छ ।"




जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण प्रभाव कार्य प्लेटफर्म केन्याका निर्देशक डा अदिति मुखर्जीले उच्चस्तरीय क्षमता विकास, प्रविधि हस्तान्तरण र समुदायलाई ऊर्जा रूपान्तरणको केन्द्रमा राख्नुपर्नेमा जोड दिनुभयो । "हिन्दकुश हिमालय क्षेत्रभर जलविद्युत्सम्बन्धी उदाहरणमा नेपाल सबैभन्दा सकारात्मक र उत्कृष्ट उदाहरणमध्ये एक बनेको देखिएको छ, ग्रामीण समुदायसँग रोयल्टी साझेदारी गरिएका उदाहरण छन्, ग्रामीण समुदायले जलविद्युत्मा प्रत्यक्ष साझेदारी पाएको उदाहरण पनि छ, यी सबै न्याय सङ्गत ऊर्जा रूपान्तरणमा समुदायलाई कसरी समावेश गर्न सकिन्छ भन्ने उत्कृष्ट अभ्यासका नमुना हुन्", उहाँले भन्नुभयो ।

अन्तरराष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सीका महानिर्देशक फ्रान्चेस्को ला क्यामेराले सौर्य ऊर्जाजस्ता नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि सार्वजनिक कोष स्थापनामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "उदाहरणका लागि, सौर्य ऊर्जा बिक्रीबाट आउने नियमित आम्दानीको केही हिस्सा सार्वजनिक कोषमा राख्ने र त्यो कोषबाट समाजका विपन्न वर्गलाई सहयोग गर्नुपर्छ, उनीहरुले सुरुआतमै फाइदा लिन सक्दैनन् वा सहरमा हुने ग्रिड प्रणाली विकासबाट पछि पर्ने खतरा हुन्छ ।"

सत्रको सहजकर्तासमेत रहनुभएका एशियन इन्स्टिच्युट अफ टेक्नोलोजीका प्राध्यापक शोभाकर ढकालका अनुसार स्वच्छऊर्जाको सदुपयोग भनेको सौर्य, वायु, जलविद्युत्, भू-तापीय र बायोमासजस्ता नवीकरणीय ऊर्जा स्रोतको उपयोग गरी समाजलाई ऊर्जा प्रदान गर्ने, जीवाश्म इन्धनमाथिको निर्भरता घटाउने, जलवायु परिवर्तनलाई न्यूनीकरण गर्ने र दिगो विकास हासिल गर्ने लक्ष्य राखेको एक विश्वव्यापी प्रयास रहेको बताउनुभयो ।

'हिमाल जीवनशैलीका प्रमुख स्रोत हुन्, तिनको संरक्षण गर्नु विश्वसमुदायको दायित्व हो'

जलवायु परिवर्तनका प्रभाव घटाउन क्रियाशील विभिन्न क्षेत्रका विज्ञले हिमाल हिमाल जीवनशैलीका प्रमुख स्रोत भएकाले तिनको संरक्षण गर्नु विश्वसमुदायको दायित्व भएकामा जोड दिएका छन् ।

सगरमाथा संवादको दोस्रो दिन शनिबार 'हिमालमा प्रकृति, संस्कृति र साहसिक कार्यको अन्वेषण' विषयमा भएको छलफलमा उनीहरुले हिमाली पारिस्थितिकीय प्रणालीको सुरक्षाका लागि हिमालको सुरक्षा अपररिहार्य भएकामा जोड दिएका हुन् ।हिमालदेखि तल्लो तटीय क्षेत्रसम्म संस्कृति र रहनसहन, वन्यजन्तु, जैविक विविधता र पर्यटनका लागि पनि हिमालको संरक्षण गर्नुपर्नेमा विज्ञहरुले जोड दिनुभएको थियो ।

विश्ववन्यजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले प्रमुख वक्तव्य दिनुभएको थियो भने अक्सफामका नदी बेसिन प्रबन्धक राजन सुवेदी, ओमानका सगरमाथा आरोही नाधिरा अल-हार्थी, युगान्डाको जल तथा वातावरण मन्त्रालयका सहायक आयुक्त मौरीन अनिनो, सगरमाथा प्रदूषण नियन्त्रण समिति प्रमुख कार्यकारी अधिकृत छिरिङ शेर्पाले आफ्ना अनुभव र विज्ञतासहित धारणा व्यक्त गर्नुभएको थियो ।

हिमाली क्षेत्रले पृथ्वीको २२ प्रतिशत भाग ओगटेको छ । हिमाली क्षेत्रको पारिस्थितिकीय प्रणालीले विश्वका करिब आधा जनसङ्ख्याको जीविकोपार्जनमा सहयोग गर्दै आएको जनाइएको छ ।

हिन्दूकुश हिमालय क्षेत्र, यसको अद्वितीय र विविध संस्कृति, भाषा, धर्म, विश्वास, एक हजारभन्दा बढी भाषाहरू र परम्परागत ज्ञान प्रणालीले वार्षिक रूपमा सात करोडभन्दा बढी पर्यटकलाई आकर्षित गर्दछ ।हिमाली पारिस्थितिकीय प्रणालीको अखण्डतालाई सुदृढ गर्ने नवीन समाधान पहिचान गर्ने, धेरै जनसङ्ख्यालाई लाभ पुऱ्याउन प्राकृतिक पुँजीमा लगानी बढाउने तरिकाहरू अन्वेषण गर्ने उद्देश्यसहित यो सत्र सञ्चालन गरिएको थियो ।

**जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढी जोखिम**

सरोकारवालाहरुले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढी जोखिम रहेको बताएका छन् । शुक्रबारदेखि सुरु भएको सगरमाथा संवादको शनिबार दोस्रो दिनअन्तर्गत हिमाली क्षेत्रको जोखिम र मूल्याङ्कन विषयक समानान्तर सत्रमा जलवायु परिवर्तनको असर न्यूनीकरण उपाय अवलम्बन नगरेमा हिमाली क्षेत्रमा बसोबास गर्ने मानिस अझै बढी जोखिममा रहने बताएका हुन् ।

चिनियाँ विज्ञान प्रतिष्ठान चीनका निर्देशक डा टाओ वाङले विश्वव्यापी रुपमा बिढरहेको तापमानका कारण हिमाली क्षेत्र बढी प्रभावमा परेको बताउनुभयो । ज्युरिक विश्वविद्यालय, स्वीट्जरल्याण्डका वरिष्ठ अनुसन्धान सहयोगी डा साइमन एलनले जलवायु परिवर्तनको असरसँग जुध्नका लागि स्थानीयस्तरको क्षमता अभिवृद्धिमा जोड दिनुभयो । बिजिजी इञ्जिनियरिङ इन्क क्यानडाका वरिष्ठ भू-वैज्ञानिक इञ्जिनियर एमिली मार्कले जलवायु परिवर्तनको असरका कारण वातावरणीय प्रणाली र विकासलाई असर पुग्ने बताउनुभयो ।

केइयो विश्वविद्यालयका जापानका प्रोफेसर राजीव शाँले विश्वभरका चुनौतीलाई सम्बोधन गर्न स्थानीयस्तरदेखि वैश्विकस्तरसम्मको सहकार्य र विविधताको आवश्यकता जोड दिनुभयो ।भू-विज्ञान अनुसन्धान केन्द्र जर्मनका प्रमुख डा निल्स होबियसले जलवायु अनुकूलनका लागि प्राकृतिक प्रकोपहरुको पूर्वानुमान प्रणालीहरुको विकास, जलवायु परिवर्तनका प्रभावको अनुगमन र वातावरणीय दिगोपनका उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो ।

पहाड तथा हिमाली क्षेत्रहरू पृथ्वीका सबैभन्दा गतिशील र नाजुक प्रणालीहरूमध्ये पर्ने र यी क्षेत्रहरू पहिरो, बाढी, हिमताल विस्फोट, हिउँपहिरोजस्ता शृङ्खलाबद्ध प्रकोपहरूको जोखिममा झनै संवेदनशील बन्दै गएको उनीहरुको जोड रहेको छ । जलवायु परिवर्तनले यस्ता जोखिमलाई थप तीव्र बनाउने, जसले पूर्वाधार हिमाली समुदायको जीवन र जीविकोपार्जन र तल्लो क्षेत्रमा बसोबास गर्ने अर्बौं मानिसलाई जोखिममा पार्नसक्ने भन्दै वैज्ञानिकले चिन्ता व्यक्त गरेका छन् ।

जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलको छैटौं मूल्याङ्कन प्रतिवेदन (२०२३) अनुसार, पृथ्वीको तापक्रम २ डिग्री सेल्सियसले वृद्धि भएमा प्रायः सबै पहाडी क्षेत्रमा कम्तीमा पनि मध्यमस्तरको जोखिम आउनेछ भने केही क्षेत्रमा अझ उच्च जोखिम देखिनेछ । भविष्यमा देखिएका यस्ता जोखिम र जलचक्रमा हुने परिवर्तनले दिगो विकासका लागि पहाडी जोखिम मूल्याङ्कन तथा अनुगमन अत्यावश्यक भएको प्रतिवेदनको सुझाव छ । सत्रको सहजीकरण इञ्जिनियरिङ अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय प्राध्यापक डा विष्णुप्रसाद पाण्डेले गर्नुभएको थियो ।रासस

# चट्याङ लागेर एक बालिकाको मृत्यु, बालक घाइते

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१४ स्थित डलबामा पर्ने कोशी नदीको बगरमा चट्याङ पर्दा एक जना बालिकाको मृत्यु भएको छ भने एक जना बालक घाइते भएका छन् ।

बगरमा खरभुजा खेती गर्न अस्थायी टहरमा बस्दै आएका भारतको उत्तर प्रदेश सामली जिल्लाका केरना पञ्चायत बस्ने जाहिद खानकी ७ वर्षीया छोरी जैनब खातुनको मृत्यु भएको छ । शनिबार टहरा रहेको क्षेत्रमा चट्याङ पर्दा जैनब बेहोस भएकी थिइन् । उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याउँदासम्म उनको मृत्यु भइसकेको एसपी ढकेन्द्र खतिवडाले जनाएका छन् ।

सोही ठाउँमा बस्दै आएका केरना पञ्चायतकै गुलु खानका ७ वर्षीय छोरा जुविर पनि चट्याङको आवाजले आत्तिएर भाग्न खोज्दा घाइते भएका छन् । उनको छिन्नमस्ता अस्पतालमै उपचार भइरहेको सप्तरी प्रहरीले जनाएको छ ।

# संदिप युनिभर्सिटीद्वारा उत्कृष्ट विद्यार्थीलाई 'संदिप प्रतिभा सम्मान'

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको अग्रणी विश्वविद्यालय मध्ये एक, संदिप युनिभर्सिटीले शनिबार 'संदिप प्रतिभा सम्मान २०८१' अन्तर्गत उत्कृष्ट दस जना विद्यार्थीलाई नगद, शिल्ड र फूलमालासहित सम्मान गरेको छ ।

गत वर्ष फागुन १० गते जनकपुरधामस्थित ज्ञानकुप विद्यालयमा मधेश प्रदेशका १२ कक्षा अध्ययनरत ५६१ जना विद्यार्थीलाई लक्षित गरी लिइएकोपरीक्षामार्फत उत्कृष्ट दस विद्यार्थी छनोट गरिएको थियो । विश्वविद्यालयका रिजनल म्यानेजर पंकज चौधरीका अनुसार, शनिबार जनकपुरधामस्थित युनिभर्सिटी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमार्फत सम्मान वितरण गरिएको हो ।



प्रतिभा सम्मानमा प्रथम स्थान प्राप्त गरेका अंगद कुमार यादवलाई रु २१,००० नगद, शिल्ड र प्रमाणपत्र प्रदान गरिएको छ । त्यस्तै, दोस्रो स्थान प्राप्त आयुष कर्णलाई रु १५,०००, तेस्रो विवेश कुमार यादवलाई रु ११,०००, चौथो वसन्त यादवलाई रु ८,००० र पाँचौं सृजना ठाकुरलाई रु ७,००० नगदसहित शिल्ड प्रदान गरिएको छ ।

स्वन्तना पुरस्कारतर्फ सम्पूर्ण अधिकारी, अमन मिश्र, तृप्ती यादव, रुपेश मण्डल र आशुतोष कुमार झा प्रत्येकलाई रु ५,००० नगद र शिल्ड प्रदान गरिएको थियो ।

संदिप युनिभर्सिटी भारतको नाशिक र मधुवनीमा अवस्थित उच्च शिक्षालय हो, जहाँ नेपालसहितका विद्यार्थीहरु अध्ययनरत छन् । रिजनल म्यानेजर चौधरीका अनुसार, नेपाली विद्यार्थीका लागि मधुवनी क्याम्पसमा इन्जिनियरिङ अध्ययनको कुल खर्च साढे पाँच लाख भारतीय रुपैयाँ र नाशिक क्याम्पसमा साढे आठ लाख भारतीय रुपैयाँ छ । विश्वविद्यालयले पीएचडीसम्मको पढाइ गराउँदै आएको छ ।

कम खर्चमा गुणस्तरीय इन्जिनियर उत्पादन गर्ने लक्ष्यसहित अगाडि बढिरहेको युनिभर्सिटीले नेपाली विद्यार्थीका लागि छुट्टै सेवा सुविधा प्रदान गर्दै आएको जानकारी समेत चौधरीले दिए ।

# परराष्ट्रमन्त्रीसँग जापानका उपविदेशमन्त्रीको भेट

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवासँग जापानका उपविदेशमन्त्री इकुइनो अकिकोले शनिबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।त्यस अवसरमा मन्त्री डा राणाले उपमन्त्री अकिकोलाई सगरमाथा संवादमा सहभागी हुनुभएकामा धन्यवाद व्यक्त गर्नुभयो । साथै मन्त्री डा राणाले सिन्धुली बर्दिवास बाटोको पुनर्निर्माण तथा मर्मतसम्भारका लागि सहयोग गरेकामा जापान सरकारलाई धन्यवाद ज्ञापन गर्नुभएको उहाँको निजी सचिवालयले जनाएको छ ।



गत वर्ष आएको अविरल वर्षाका कारण सो बाटोमा ठूलो क्षति पुगेको छ । जापान सरकारको अनुदानमा निर्मित सो बाटोको मर्मत तथा पुनर्निर्माणका लागि नेपाल सरकारले अनुरोध गरेपछि जापानले सहयोग गर्ने भएको हो ।

मन्त्री डा राणा र जापानी उपविदेशमन्त्रीबीच दुई देशको सम्बन्धका विविध विषयमा कुराकानी भएको थियो मन्त्री डा राणाले नेपालको आर्थिक, सामाजिकलगायत क्षेत्रमा विगत लामो समयदेखि जापानले पुऱ्याउँदै आएको सहयोगका लागि पनि धन्यवाद ज्ञापन गर्नुभएको थियो । मन्त्री डा राणाले नेपालले अन्तरराष्ट्रिय मञ्चमा उठाउँदै आएको जलवायु न्यायका पक्षमा ऐक्यबद्धता जनताउन र सहयोगका लागि जापानसँग आग्रह पनि गर्नुभएको थियो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | तपाईलाई भेटघाट र रमाइलोमा समय बित्नेछ । |
| वृष : | व्यापार व्यवसायबाट लाभ मिल्नेछ । भोज भतेरमा जाने अवसर मिल्नेछ । |
| मिथुन : | शैक्षिक क्षेत्रमा गरेको लगानीबाट लाभ मिल्नेछ । |
| कर्कट : | जागिरमापदोन्नतिहुनेसमयछ।बौद्धिक काममा सफलता मिल्नेछ । |
| सिंह : | धार्मिक र सामाजिक काममा ब्यस्त रहनुपर्नेछ । |
| कन्या : | धार्मिकऐतिहासिकठाउँकोभ्रमणहुनेछ। |
| तुला : | अरुले विश्वास गर्नेछन् । केहि गरिहाल्नु पर्ने समय छ । |
| वृश्चिक : | सामाजिक र धार्मिक काममा व्यस्त रहनु पर्नेछ । |
| धनु : | सामाजिक काममा सहभागी हुने अवसर मिल्नेछ । |
| मकर : | अध्ययन अध्यापनमा सफलता मिल्नेछ । भाग्य बलियो रहनेछ । |
| कुम्भ: | नोकरीमा उतारच ढाव आउनेछ । |
| मीन : | अध्ययन अध्यापनमा सफलता मिल्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सिरहाको लहान-१ स्थित मटिहर्वा चोकमा शनिबार बिहान तरकारी तथा कृषि उपज किनबेच गर्दै स्थानीय । यहाँका किसानले आफूले उत्पादन गरेका कृषि उपज बिक्रीका लागि स्थानीय बजारमा ल्याउने गरेका छन् । *तस्बिर : रासस*

# कांग्रेस संसदीय दलको बैठकमा आगामी बजेटबारे छलफल

काठमाण्डु । नेपाली कांग्रेस संसदीय दलमा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा र वितरणका सम्बन्धमा केन्द्रित रही छलफल भएको छ ।

नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनमा पार्टी सभापति एवम् संसदीय दलका नेता शेरबहादुर देउवाको अध्यक्षतामा भएको बैठकमा आगामी बजेटलगायत विविध विषयमा छलफल भएको संसदीय दलका प्रमुख सचेतक श्यामकुमार घिमिरेले जानकारी दिनुभयो ।



बैठकपछि उहाँले भन्नुभयो, “बजेट क्षेत्रगत विकासका लागि सन्तुलित र समान ढङ्गले वितरण हुनुपर्नेलगायत विषयमा सांसदहरूले खुलेर छलफल गर्नुभयो ।”बैठकमा नेपाल राष्ट्र बैङ्कको गभर्नर नियुक्तिमा भइरहेको ढिलाइ र पार्टीले लिनुपर्ने आगामी बाटो तथा अपनाउनुपर्ने सतर्कताबारे पनि सांसदले सुझाव दिनुभएको थियो ।

सञ्चारकर्मीले राखेको एक प्रश्नको जवाफमा प्रमुख सचेतक घिमिरेले माओवादीसँग गठबन्धन गरेर जाने कुनै योजना र एजेन्डा नरहेको प्रस्ट पार्नुभयो । उहाँले सरकार परिवर्तनबारे कांग्रेसले कुनै सोच र योजना नबनाएको उल्लेख गर्नुभयो । अब केही दिनभित्रै गभर्नर नियुक्ति हुने जानकारी दिँदै प्रमुख सचेतक घिमिरेले बैठकमा प्रतिनिधिसभा सदस्यद्वय माया राई र मोहनबहादुर बस्नेतका विषयमा पनि कुरा उठेको बताउनुभयो ।

बैठकले प्रतिनिधिसभा सदस्य एवं नेता डा चन्द्रकान्त भण्डारीको स्वास्थ्य लाभको कामना गरेको छ । यस्तै, सांसद नागिना यादवका पिताको स्वर्गारोहण र नेपाली कांग्रेस ओखलढुङ्गा र तत्कालीन जिल्ला विकास समितिका पूर्वसभापति महेश कर्मोचाको निधनमा बैठकले शोक प्रस्ताव पारित गरेको छ ।रासस

# गलत विचारका आधारमा वाम एकता हुन सक्दैन : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सही विचारबिना धेरैतिर फर्किएकाहरूलाई वामपन्थी एकतामा ल्याउन नसकिने बताउनुभएको छ । एमालेका तत्कालीन महासचिव जननेता मदन भडारी र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको स्मृति दिवसका अवसरमा शनिबार मदननगर बल्खुमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले एकताका लागि एकता नभई सही विचारमा अरूलाई सहमत गराएर पार्टीमा ल्याउने नीति लिनुपर्नेमा जोड दिनुभयो ।



“सही कुरालाई पनि विरोध गरेर बखेडा निकाल्ने प्रवृत्ति कम्युनिष्ट आन्दोलनमा इतिहासदेखि नै देखा पर्दै आए । खास वैचारिक भिन्नता नभए पनि व्यक्तिगत स्वार्थका आधारमा दुई लाइनको कुस्ती चलाइयो । पार्टी विभाजन गरेर नामका लागि एकीकृत राख्ने प्रवृत्ति पनि छ”, अध्यक्ष ओलीले भन्नुभयो, “पार्टी प्रवृत्ति भने सही धारमै जान खोज्दै आयो । मदन भण्डारीको अगुवाइमा ल्याइएको जनताको बहुदलीय जनवादको विचारले कम्युनिष्टहरू निरङ्कुश हुन्छन् भन्ने हामीमाथिको आरोपलाई खण्डन गर्‍यो । यो विचार राजनीतिक लोकतन्त्रका लागि मात्र होइन आर्थिक र सामाजिक तथा मानव अधिकारका प्रश्नमा समेत राष्ट्रिय नीतिका रूपमा स्थापित भइसकेको छ । यसै जगमा हामीले लिएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न हामी लाग्नुपर्नेछ ।”

प्रधानमन्त्री ओलीले आफूहरूले शक्तिका स्रोत जनता नै हुन् भन्ने मान्यताका साथ जनताको शासन कायम गर्न खोजिएको उल्लेख गर्दै देशभक्ति, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय अखण्डताको मार्गलाई आफूहरूले कहिल्यै नछोडेको स्पष्ट गर्नुभयो । आफूहरूको नेतृत्वमा सरकार रहेकाले राजतन्त्र फर्काउने प्रतिगमनको प्रयास असम्भव र अस्वीकार्य भएको पनि उहाँको भनाइ थियो । उहाँले एमालेको नेतृत्वलाई बदनाम गरेर ढाल्न सकिने पार्टी ढाल्न सकिन्छ भन्ने तत्वहरूले अनेक षड्यन्त्र गरे पनि एमाले हरेक परिस्थितिको सामना गर्न तयार रहेकाले कार्यकर्ताहरूलाई एकताबद्ध भएर ढुक्का साथ अघि बढ्न आग्रह गर्नुभयो ।

एमालेले अग्रगतिका लागि निस्क्रिम कामना होइन, सक्रिय हस्तक्षेपको नीति लिँदै बताउँदै उहाँले विश्वमा दक्षिणपन्थ, जातीयता र अराजकतावादका कारण आन्दोलनमा क्षति भएको उल्लेख गर्दै आफूहरूले त्यस्ता कमीकमजोरी नगरी विविधतालाई सांस्कृति समृद्धि मानेर एकता र शान्तिपूर्ण प्रतिस्पर्धाको बाटो लिएको बताउनुभयो । विगतमा आफूले सरकारको नेतृत्व गर्दा पार्टीभित्रकै विग्रहवादी तत्वका कारण सरकार ढाल्ने र अदालतको आदेशबाट सरकार गठन गराउने गलत अभ्यास भएको पनि उहाँले टिप्पणी गर्नुभयो ।

जननेता भण्डारी कम्युनिष्ट आन्दोलनलाई समयानुकूल रूपमका हाँक्ने नीतिकार रणनीतिकार भएको स्मरण गर्दै उहाँले विश्वमा कम्युनिष्ट आन्दोलन धराशयी हुँदै गएका बेला जबजको वैचारिक अगुवाइमा पार्टीलाई लोकप्रिय र दुई तिहाइको अवस्थासम्म पुर्‍याएको बताउनुभयो ।

कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शङ्कर पोखरेल, आश्रित पत्नी माया ज्ञवालीलगायत सहभागी हुनुहुन्थ्यो । कार्यक्रममा अध्यक्ष ओलीसहित नेता कार्यकर्ताले दिवङ्गत नेताप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो ।रासस

# अभिनेत्री नोरा फतेही नेपालमा

काठमाण्डु । भारतीय अभिनेत्री तथा नृत्याङ्गना नोरा फतेहीले नेपाल र नेपालीबाट आफूले माया पाइरहेको बताउनुभएको छ । शनिबार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा उहाँले नेपालमा आएर प्रस्तुति दिन पाउँदा उत्साहित भएको बताउनुभयो ।



“म नेपालीलाई भेट्न उत्साहित छु । हामीले आफ्नो तयारी गरिसकेका छौँ, नेपालीलाई प्रत्यक्ष भेटेर मनोरञ्जन दिने उद्देश्यले म नेपाल आइपुगेकी हुँ । यो मेरो पहिलो नेपाल भ्रमण हो”, अभिनेत्री फतेहीले भन्नुभयो । उहाँले नेपालको आतिथ्य र सहयोगी भावना प्रशंसनीय रहेको बताउनुभयो । उहाँ संयुक्त अरब इमिरेट्सबाट आज फ्लाई दुबईबाट नेपाल आउनुभएको हो ।

उहाँको नृत्य टोलीमा रहेका अन्य २३ सदस्य शुक्रबार नै नेपाल आइसकेका छन् । उहाँले आज साँझ तारागाउँस्थित ह्यात चौरमा ‘नोरा फतेही लाइभ इन नेपाल’ नामक कार्यक्रम प्रस्तुति दिनुहुनेछ । शिक्षाबाट वञ्चित बालबालिकाको क्षेत्रमा काम गर्दै आएको सामाजिक संस्था ‘ह्युमन रेस्पेक्ट नेपाल’को सहयोगार्थ आयोजना हुने च्यारिटी कार्यक्रमका लागि अभिनेत्री फतेहीलाई नेपाल ल्याइएको वर्ल्डवाइड फिल्मस् नेटवर्क प्रालिका मनिष कार्कीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “मनोरञ्जनमार्फत सामाजिक कार्यलाई सहयोग गर्ने उद्देश्यले हामीले यो कार्यक्रम गर्न लागेका हौँ, नेपालमा अभिनेत्री फतेहीको माग देखेर हामीले कार्यक्रमका लागि गरेको अनुरोधमा उहाँ सहमत हुनुभएको हो । उहाँसँगै नेपाली कलाकारले पनि सम्मानित रूपमा स्टेजमा आफूलाई प्रमाणित गर्नुहुनेछ ।”

आयोजक कार्कीका अनुसार अभिनेत्री फतेही आइतबार बिहान भारत फर्किनुहुने छ । इभेन्टको व्यवस्थापन मनु मिडिया प्रालिले गरेको छ । अभिनेत्री फतेहीको ‘दिलबर दिलबर’, ‘कुसु कुसु’, ‘ओ साकी साकी’, ‘नाच मेरी रानी’, ‘स्नेक डान्स’ लगायतका गीत भारतसँगै नेपालमा पनि लोकप्रिय छन् । उक्त कार्यक्रममा नेपाली कलाकारहरूमा गायक दुर्गेश थापा, नृत्याङ्गना तेरिया फौजा मगर, नृत्यकार समर्पण लामालगायतले प्रस्तुति दिनुहुने आयोजकले जनाएको छ ।रासस

# हिमाल जोगाउने सत्प्रयास : सगरमाथा संवाद

काठमाण्डु ।

*हिमाललाई ढाक्यो कान्छा...हो..हो...हो...*
*हो..हिमाललाई ढाक्यो कान्छा...हो*
*हिउँको पछ्यौरीले...*
*पिरतीको भाका बोल्छ...*
*फूल मन्जरीले...*
*फूल मन्जरीले...ए...*
*फूल मन्जरीले...*

जुनु रिजाल काफ्लेको स्वरमा सजिएको यो गीत नेपालीको मनमुटुमा बस्न सफल छ । तर यही गीतले बोलेको भावजस्तै हिमाललाई हिउँको पछ्यौरीले नडाँक्ने पो हो कि ? हिमाल सेतै हुन्छ रे भन्ने कुरा हामी भावी पुस्ताले इतिहास मात्रै पढ्न पाउने हुन् कि उस्तै चिन्ता र चासो बढेको छ ।

***बिहान उठ्ने बित्तिकै हिमाल देख्न पाइयोस्***
***यी हातले सधैँसधैँ नेपाल लेख्न पाइयोस् ।***

रामकृष्ण ढकालको स्वरमा गुञ्जिने यो गीत पनि नेपालीको जनजीब्रोमा झुन्डिएको छ । गुञ्जिरहनेछ सदाबहार रूपमा । गीतले भनेकोजस्तै हिमाल देख्न नपाइने हो कि भन्ने डर पनि उत्तिकै छ ।



विश्वव्यापी रूपमा बढिरहेको जलवायु परिवर्तनको असरले हाम्रा यी सेता हिमालहरू कतै कालापत्थरमा त परिणत हुने होइन ? यी र यस्ता प्रश्नहरूले गीतले भनेजस्तै बिहान उठेर हिमाल हेर्न सधैँ नपाइएला कि भन्ने चिन्ता पनि छ ।

हिमालकै कारण नेपाली भूभाग साँच्चै प्रकृतिको बेजोड सङ्गम भएको हो । यहाँका हिमालदेखि तालतलैयाले लगाएको मोहनीले नेपाल पर्यापर्यटकमा विश्वका जनताको आकर्षणको केन्द्र बन्न सफल भएको छ । त्यसैले हिमालको अस्तित्व बचाउनु हामी सबैको कर्तव्य हो ।

जलवायु परिवर्तनको असरले यी आकर्षणमा कमी मात्र होइन समाप्त नै हुन्छ भने डर पनि छ । हिमाल बिनाको नेपाल कस्तो देखिएला नेपाल ? हिमालको महत्त्व अपार भएर नै होला कवि तथा गीतकारहरूले हिमालको महिमा गाएका थिए, रचना रहेका थिए । ती रचना कतै इतिहास त हुने होइन भन्ने चिन्ता यतिबेला सर्वत्र छ ।

पर्यटन व्यवसायी समेत रहनुभएका आङछिरिङ शेर्पालाई कतै हिमालमा हिउँ रित्तिएर पर्यटकहरू नै नेपाल नआउने र पर्यटन व्यवसाय धरापमा पर्ने हो कि उस्तै चिन्ता छ । उमेरले ७० नाघिसक्नुभएका शेर्पालाई लामो समय हिमालकै काखमा हुर्केर खेलेकाले पनि होला पहिला र अहिलेको हिमालबारे जानकार हुनुहुन्छ उहाँ । “हामी सानो छँदा त हिमाल सबै सेता हिउँले ठाकिएको हुन्थ्यो । चमक्क चम्किन्थे । हेर्दाहेर्दै हिमालमा हिउँ पातलियो । कालापत्थरहरू देखिन थाले”, उहाँ भन्नुहुन्छ, “यस्तै हो भने त अबको २० वर्षमै हिमालको अस्थित्व मिटिन्छ कि भन्ने चिन्ता लाग्छ । अनि हिमाल हेर्न भनेर पर्यटक आउन छाड्लान् हाम्रो व्यवसाय पनि धरापमा पर्नेछ ।”

मुस्ताङ जिल्लास्थित बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिङजीन नामगेल गुरूङलाई पाँच वर्षदेखि हिउँ नपर्दा हिउँ हेर्ने रहर भावी पुस्ताका लागि पूरा नहुने हो कि चिन्तित हुनुहुन्छ । “हाम्रो क्षेत्रमा पाँच वर्षदेखि हिउँ नै परेको छैन । हामीले देखिरहेको सेता हिमालहरूमा अहिले हेर्दा बाक्लो हिउँ छैन”, उहाँ भन्नुहुन्छ , “हिउँ नपर्नुका साथै मुस्ताङमा बाढीले क्षति गर्न थालेको छ । अब के पो हुने हो ? भनेर मानिसहरूमा मनोवैज्ञानिक त्रास पनि बढिरहेको छ ।”

विशेषगरी हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरको विषयमा विश्व समुदायको ध्यानाकर्षण गराउने लक्ष्यका साथ नेपालले शुक्रबारदेखि विश्वकै उच्च शिखर सगरमाथाको नामबाट ‘सगरमाथा संवाद’ सरू गरेको छ । आइतबारदेखि चल्ने संवादमा तीन दर्जनभन्दा बढी मुलुकमा प्रतिनिधिहरू एकै स्थानमा जम्मा गरेर जलवायुजन्य सङ्कटका उदाहरणहरू नेपालले प्रस्तुत गरिरहेको छ । अध्यक्ष गुरूङ पनि आफ्नो पाालिकाले भोगिरहेको यिनै जलवायुजन्य समस्याको उदाहरणसहित संवादपूर्वका तयारीमा काठमाडौं आउनुभएको थियो । मुस्ताङले भोगेको जलवायुजन्य समस्याहरू राम्रोसँग प्रस्तुत गर्दै जलवायु न्याय मिलोस् भन्ने उहाँको उपेक्षा छ ।

सोलुखुम्बुस्थित खुम्बु पासाङल्हामु गाउँपालिकी उपाध्यक्ष टासी ल्हामु शेर्पा पनि जलवायुजन्य सङ्कटले हिमालमा हिउँ रित्तिदै गएको, थामेमा गएको हिउँपहिरोले गरेको विनास, हिउँ पर्न छोड्दा कृषिमा पुगेको असरलगायत समस्या प्रस्तुत गर्न संवादमा आइपुग्नुभएको छ । “हामीले भोगिरहेको जलवायुजन्य समस्याहरूले विश्व समुदायको ध्यानाकर्षण गराउनेछ र हामीले गर्दै नगरेको गल्तीको सजाय भोगिरहेका छौँ । गल्ती गर्ने धनी र विकसित मुलकुहरूले हामीलाई न्याय दिनुपर्छ”, उहाँले भन्नुभयो, “जलवायु सङ्कटले निम्ताउन थालेको विपद्का कारण स्थानीयहरू बसाइँसराइ गर्न थालेका छन् ।”

खुम्बु पासाङल्हामु गाउँपालिका थामेकी बासिन्दा याङ्गी डोल्मा शेर्पाले थामेमा गएको हिउँ पहिरोका घटनाले अहिले पनि त्रासमा नै बस्न परको भन्दै संवादमा पर्वतीय क्षेत्रले भोगिरहेका जलवायुजन्य यस्ता समस्यालाई विशेष प्राथमिकतामा राखेर पैरवी गर्न सुझाव दिनुभयो ।

सगरमाथा संवाद सचिवालयका सदस्य सचिवसमेत रहनुभएका मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा महेश्वर ढकालले शुक्रबारदेखि सुरू भएको संवादमा हिमालमा जलवायु परिवर्तनले परिरहेको असर, पर्वतीय क्षेत्रका बासिन्दाले भोगिरहेका जलवायुजन्य सङ्कटले निम्ताएका समस्याहरू प्रस्तुत गर्दै विश्व समुदायको ध्यानाकर्षण भइरहेको जानकारी दिनुभयो ।

“यो संवाद नै जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेको प्रभावका विषयसँग सम्बन्धित रहेको छ । यसले मानवतामाथि भविष्यमा आउन सक्ने सङ्कटको बारेमा बढी जोड दिई विचारविर्मश भइरहेको छ”, उहाँले भन्नुभयो, “संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथा लिएर बस्ने तर त्यसको संरक्षणमा उचित ध्यान जान नसकेको देखिन्छ । हिमताल बन्ने र फुट्ने, तल्लो तटीय क्षेत्रमा आउने बाढीपहिरो, डुबान र त्यसले पारेको धनजनको क्षति र त्योसँग जुध्नको निम्ति सरकारले अहिलेसम्म गरेको लगावलाई उजागर गरिरहेका छौँ ।”

जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेका असरको विषयमा सबैको साझा धारणा बनाउने लक्ष्यका साथ संवाद आयोजना गरेको ढकालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “जलवायुका असरसँग जुध्नसक्ने क्षमता पनि बढाउनुपर्छ । सगरमाथा संवादमा जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्नका लागि पनि पहल भइरहेको छ ।”

ढकालले जलवायु परिवर्तनसम्बन्धी अन्तराष्ट्रिय अन्तरसरकारी समूह (आइपिसी) को छैटौँ रिपोर्टले जलवायु परिवर्तनको सबैभन्दा बढी जोखिम पहाडि क्षेत्र, त्यसमा पनि हिमाली क्षेत्र र अझै नेपालका पर्वतीय क्षेत्रहरू बढी जोखिममा रहेको देखाएकाले जोखिम न्यूनीकरणमा जोड दिन आवश्यक रहेको बताउनुभयो ।

वन विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयका प्रा डा राजेशकुमार राईले सगरमाथा संवादले जलवायु परिवर्तनका कारण हिमाली अर्थतन्त्रमा परेको असरलाई अन्तरराष्ट्रियस्तरसम्म पुर्‍याउने र जलवायु न्यायका लागि पैरवी गर्ने अवसर संवादले दिएको बताउनुभयो ।

“उच्च हिमाली क्षेत्रमा हिउँ पग्लनु, पदमार्गहरूमा क्षति पुग्नु र पर्यटकीय गन्तव्यहरू जोखिमपूर्ण बन्नुले प्रभावित भएको छ । यसैगरी जलविद्युत् उत्पादन पनि प्रभावित भइरहेको छ, किनकि नदीहरूको प्रवाहमा अस्थिरता आएको छ, जसले ऊर्जा आपूर्ति र औद्योगिक उत्पादनमा असर पारेको छ”, उहाँले भन्नुभयो, “यी सबै कारणले गर्दा जलवायु परिवर्तन हिमाली देशहरूको दीर्घकालीन आर्थिक स्थायित्व र विकास लक्ष्यमा चुनौतीका रूपमा देखिएको छ ।”

### हिमालमा कस्तो असर पर्ला ?

हिमालमा जलवायुले पारेका असरका कारण हिमालको अस्तित्व सकिने, पानीको स्रोतहरू सुक्ने, हिमताल फुट्ने, हिमपहिरो जाने, पर्यटक घट्ने, बसाई सर्नुपर्ने अवस्था आएर त्यहाँका संस्कृति लोभ हुनेलगायत असर देखिने बताउनुहुन्छ पर्वतीय क्षेत्रका मुद्दामा पैरवी गर्दै आउनुभएकी जलवायु अभियन्ता गीता पाण्डे । पर्वतीय क्षेत्रमा जलवायुले पारको असर न्यूनीकरण तथा अनुकूलनका लागि निरन्तर पैरवी आवश्यक रहेको उहाँको सुझाव छ ।

जलवायु परिवर्तनसम्बन्धि २१ औं विश्व सम्मेलन फ्रान्सको पेरिसमा सम्पन्न भएको थियो । पेरिस सम्झौताबमोजिम तापक्रमका वृद्धि १ दशमलव ५ डिग्री सेल्सियसमा कायम भए तापनि यस एक्काइसौं शताब्दीका अन्त्यसम्ममा हिमालय क्षेत्रका ३६ प्रतिशत हिमताल पग्लन प्रक्षेपण गरिएका छ ।

### पैरवीमा जोडबल निरन्तर

गत वर्ष बाकुमा सम्पन्न ‘विश्व जलवायु सम्मेलन’ (कोप २९) मा भाग लिन पुग्नुभएका राष्ट्रपति रामचन्द्र पौडेलले जलवायुजन्य सङ्कटबाट हिमाल जोगाउनुपर्ने भन्दै विश्व समुदायको ध्यान आकर्षण गराउनुभएको थियो । सन् २०२३ मा युएईको दुबईमा सम्पन्न भएको २८ औं कोपमा पनि नेपालको नेतृत्व गर्दै तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ उपस्थित हुनुभएको थियो । “म यहाँ ३० मिलियन नेपालीको सन्देश बोकेर आएको छु”, प्रधानमन्त्री दाहालले सम्बोधनको सुरूमै भन्नुभएको थियो, “तापक्रम वृद्धिले हिमालय क्षेत्रलाई आक्रात पारिरहेको छ, हाम्रो हिमाल बचाउने सन्देश पनि लिएर आएको हुँ ।”

यस बेलामा पनि पर्वतीय क्षेत्रको मुद्दाले विश्व समुदायमा चर्चामा ल्यायो । कोपमा पहिलोपटक हिमालको मुद्दा छलफलमा समाहित गरियो । यसअघि नेपालले जोडदार रूपमा हिमालको मुद्दा कोपमा समाहित गराउन जोडबल गर्दै आइरहेको थियो ।

यसो त दुई वर्षअघि संयुक्त राष्ट्रसघङ्का महासचिव एन्टिनिओ गुटेरेश चार दिने नेपाल भ्रमणमा आउनुभएको थियो । महासचिव गुटेरेसले भ्रमणमा रहेको बेलामा हिमालयबाट बगेका नदीहरूले एक अर्बभन्दा बढी मानिसलाई स्वच्छ पानी प्रदान गरिरहेको भन्दै हिमालको प्रशंसा गर्नुभयो । यस्ता हिमनदी पग्लिएमा पानीको स्रोत समेत सङ्कटमा पर्न सक्ने भन्दै उहाँले दिनुभएको अभिव्याक्तिले पनि यो वर्ष मुख्य चर्चा पायो । यसले पनि कोपमा पर्वतीय क्षेत्रका मुद्दामा पैरवी गर्न नेपाललाई सहज भयो ।

मासचिव गुटेरेसले २८ औं कोप सम्मेलन सुरू हुनुअघि नेपालको भ्रमण गर्नुभएर पनि होला नेपाललाई बढी सम्झानुभएको थियो । नेपालको भ्रमणको क्रममा सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रलाई नजिकबाट साक्षत्कार गर्ने मौका पाएर पनि होला उहाँले हिमालमा परेको जलवायु परिवर्तनको असर पनि नकिजबाटै निहाल्नुभयो । ती अनुभवहरू विश्व सामुदायको अगाडि अभिव्यक्त गर्नुभयो । हिमालमा जलवायु परिवर्तनको असर यसले हिमाली क्षेत्रको जनजीवनमा पारेको प्रभावलाई बताइदिएर विश्वको नै ध्यान तान्नुभयो । उहाँको सम्बोधनले झन्डै १९२ देशका सहभागीहरूको ध्यान खिच्यो ।

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा सम्मन्न भएको १५ औं कोपमा भाग लिन पनि तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नेपाली प्रतिनिधि टोली सहभागी भएका थियो । त्यस बेलादेखि नै नेपालले हिमालको मुद्दालाई प्राथमिकता दिएर मुख्य एजेन्डास्वरूप कोपमा लिएर जाने गरेको थियो ।

जलवायु परिवर्तनको असरहरूको कारणले पर्वतीय क्षेत्रहरूको पारिस्थितिकिय प्रणाली, जनजीवन र जैविक विविधतामा परिरहेको नकरात्मक असरका बारेमा नेपालले सन् २००९ देखि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलनलगायत अन्तरराष्ट्रिय मञ्चहरूमा नेपालले निरन्तर आवाज उठाउँदै आइरहेको छ । पैरवीलाई निरन्तरता दिँदै यतिबेला काठमाडौंमा सगरमाथा संवादको आयोजना भइरहेको हो ।रासस

# लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विकल्प छैनः सभापति देउवा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सबैको प्रतिनिधित्व सुनिश्चित भएको समावेशी सिद्धान्तसहित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विकल्प नभएको बताउनुभएको छ ।

प्रजातान्त्रिक विचार समाज स्थापनाको ३० औँ वार्षिकोत्सव तथा २७औँ साधारणसभा र 'व्यवस्थाले अवस्थामा ल्याएको परिवर्तन' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले अहिलेको व्यवस्थामा भएका कमीकमजोरीलाई सुधार गरेर सहकार्य र समन्वयका आधारमा अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।

मुलुकमा समावेशी समानुपातिक निर्वाचन प्रणाली भएकाले कुनै दलको पनि बहुमत नआएको भन्दै पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका सभापति देउवाले संयुक्त सरकारको अभ्यासका क्रममा संसद्को पहिलो र दोस्रो ठूला दलको संयुक्त सरकार गठन भएको बताउनुभयो । उहाँले वर्तमान सरकारबाट भएका कमीकमजोरीलाई सुधार गर्दै जनता केन्द्रित विकासमा लागिपरेको उल्लेख गर्नुभयो ।

"नेपालमा प्रजातन्त्रको पुनःस्थापना भई २०४८ सालमा गिरिजाप्रसाद कोइरालाको




नेतृत्वमा सरकार बनेपछि सडक, सिँचाइ, स्वास्थ्य, खानेपानीलगायत क्षेत्रमा काम अघि बढेका हुन् । लोकतान्त्रिक शासन व्यवस्थामा विकास निर्माणले गति लिन थालेका छन्", उहाँले भन्नुभयो । विश्व तापमानले खानेपानी, हिमाललगायत क्षेत्रमा पारेको प्रभाव न्यूनीकरणका लागि काम गर्न सरकारले सगरमाथा संवाद आयोजना गरेको सभापति देउवाले बताउनुभयो ।

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले विप्रेषणका नाममा आइरहेको रकम के हो? भनी सरकारले अध्ययन गर्नुपर्ने बताउँदै 'फाइनान्सियल टास्क फोर्सको खैरो सूची (ग्रे लिस्ट) मा नेपाल परेको विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो । नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिमा भइरहेको ढिलाइमा विप्रेषणबाट नेपाल भित्रिने रकम त कारण होइन भनी अध्ययन, अनुसन्धान गर्नुपर्ने अवस्था देखिएकाले यसतर्फ उहाँले अर्थशास्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

गभर्नर नियुक्तिका विषयमा संविधान र कानुन मिचिएको भन्दै नेता कोइरालाले कुशासन, दण्डहीनता, बेरोजगारी वृद्धि भइरहँदा सरकारले यसको न्यूनीकरण गर्नेगरी नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्ने धारणा राख्नुभयो । धार्मिक, आध्यात्मिक पर्यटन प्रवर्द्धनका माध्यमबाट नेपालमा रोजगारी सृजना गर्न सकिने जनाउँदै उहाँले यसतर्फ सरकारले विशेष योजना बनाउनुपर्नेमा जोड दिनुभयो ।

कांग्रेस नेता अर्जुननरसिंह केसीले लोकतन्त्रमा विधिको शासन हुनुपर्ने उल्लेख गर्दै विधिको शासनबिना सुशासन हुन नसक्ने धारणा राख्नुभयो । हालै विश्व न्याय मञ्चले प्रकाशन गरेको तथ्याङ्कमा नेपाल माइनस ४८ प्रतिशतको अवस्थामा रहनु र हरेक वर्ष सार्वजनिक हुने भ्रष्टाचारको सूचकाङ्कमा पनि नेपाल एक अङ्कले तल पर्दै जानुले भ्रष्टाचार बढेको पुष्टि हुने उहाँले बताउनुभयो ।

पूर्वमन्त्री डा सुरेश मल्लले प्रजातान्त्रिक विचार समाजले सत्यका पक्षमा वकालत गर्नुपर्नेमा जोड दिनुभयो । समाजका पूर्वअध्यक्ष हरिहर दाहालले २०५३ सालमा शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा पजेरो संस्कृति भित्र्याएर राजनीतिलाई विकृत बनाउन खोजिएको भन्दै समाजले निर्णय गरेर विरोध भएकाले गलत काम गर्ने छुट कुनै सरकारलाई नभएको स्पष्ट पार्नुभयो ।

समाजका अर्का पूर्वअध्यक्ष डा केदारनरसिंह केसीले लोकतान्त्रिक मूल्यमान्यताको संस्थागत विकासका लागि समाज लागिपर्ने बताउनुभयो । वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालले राजनीतिक नेतृत्वमा एउटै व्यक्तिलाई निरन्तरता दिन नहुने धारणा राख्नुभयो ।

समाजका अध्यक्ष कुलचन्द्र वाग्लेले व्यवस्थाले अवस्थामा परिवर्तन ल्याएको बताउनुभयो । वरिष्ठ उपाध्यक्ष ईश्वरीराज लौडारी, महासचिव वासुदेव भण्डारीलगायत वक्ताले विसं २०५२ जेठ ३ गते स्थापना भएको समाजले प्रजातन्त्रको संस्थागत विकासका पक्षमा पैरवी गर्दै आएको बताउनुभएको थियो ।रासस

## वनमन्त्री शाही र भुटानका ऊर्जामन्त्री छिरिङबीच भेटवार्ता

काठमाण्डु । वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरी र नेपाल भ्रमणमा रहनुभएका भुटानका ऊर्जा तथा प्राकृतिक स्रोतमन्त्री जेम छिरिङबीच भेटवार्ता भएको छ ।

नेपाल सरकारले शुक्रबारदेखि यहाँ आयोजना गरेको 'सगरमाथा संवाद' का अवसरमा उहाँहरुबीच आज भेटवार्ता भएको हो । भेटमा उहाँहरुबीच नेपाल र भुटान दुवै हिमाली मुलुक भएको र जलवायु परिवर्तनबाट बढी प्रभावित हुनुपरेको परिस्थितिमा साझेदारी गरेरअघि बढ्ने विषयमा छलफल भएको थियो ।

त्यस अवसरमा मन्त्री शाहीले भुटानले ऊर्जा, प्राकृतिक स्रोत र वातावरण संरक्षणमा गरेको दिगो विकास प्रयास अनुकरणीय रहेको बताउनुभएको वन मन्त्रालयले जनाएको छ । उहाँहरुबीच पर्वतीय कूटनीतिका माध्यमबाट यस क्षेत्रका साझा हित प्रभावकारी रूपमा प्रस्तुत गर्न सकिने तथा अन्तरराष्ट्रिय मञ्चमा वातावरण र जैविक विविधता संरक्षणका लागि दुई देशले समन्वय गर्ने बारेमा समेत छलफल भएको थियो ।रासस

# लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई श्रम ऐनले विभेद गरेको छैनः श्रममन्त्री भण्डारी

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई श्रम ऐनले विभेद नगरेको बताउनुभएको छ ।

गैरसरकारी संस्था मितिनी नेपालद्वारा शनिबार यहाँ आयोजित 'होमोफोबिया, बाइफोबिया र ट्रान्सफोबिया' विरुद्धको अन्तरराष्ट्रिय दिवस २०२५ समारोहमा उहाँले केही चुनौती भने रहेकाले श्रम ऐन समयसापेक्ष परिमार्जन भइरहेको बताउनुभयो ।




मन्त्री भण्डारीले भन्नुभयो, "यो समुदायले श्रममा जाँदा पहिचानकै आधारमा विभेद भोग्नु परेको छ । भएका कानुनलाई कसरी पूर्णता दिने, सामाजिक मान्यतालाई कसरी स्थापित गर्ने र सर्वोच्च अदालतले जति पनि फैसला गरेको छ त्यसलाई सम्मान गर्दै नीति तथा कानुनमा आवश्यक परिमार्जन हुनुपर्छ ।"

उहाँले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको पहिचानका मुद्दा महत्वपूर्ण रहेका र त्यसको सुनुवाइ नभएसम्म समस्या समाधान नहुने धारणा राख्नुभयो । "प्रकृतिले कसैलाई भेदभाव गरेको छैन । परिवारले स्वीकार गर्यो भने समाजले पनि गर्छ । हाल सङ्गठित भएर आफ्नो अधिकारको कुरा गर्न थालिएको छ । सङ्गठित भएमा शक्ति हुन्छ र त्यसले आवाज थप सशक्त बनाउँछ", मन्त्री भण्डारीले भन्नुभयो ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार साहले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार स्थापित गर्न महिला समितिले विशेष भूमिका खेल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको क्षेत्रमा यो समुदायलाई समावेश गराउनु राज्यको दायित्व हो । समितिले यसमा ध्यान दिनेछ र कानुनी जटिलताबारे पनि पहल गर्नेछौँ ।"

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले यो समुदायको वैवाहिक अधिकारलाई मान्यता दिन सकरात्मक भएर कानुन बनाउन आयोगका तर्फबाट पनि सकारात्मक भूमिका खेलेको बताउनुभयो ।

मितिनी नेपालका अध्यक्ष लक्ष्मी घलानले यस दिवसले लैङ्गिक तथा यौनिक अल्पसर्‍यक समुदायले भोग्दै आइरहेका चुनौती र असमानतालाई सम्बोधन गर्ने उद्देश्य राखेको बताउनुभयो । हरेक व्यक्तिलाई सम्मानजनक जीवन जिउन पाउने अधिकार रहेकाले कसैलाई पनि लैङ्गिकता र यौनिकताका आधारमा मूल्याङ्कन गर्न नहुने भन्दै उहाँले भेदभाव र डरबिना आफ्नो पहिचान सार्वजनिक गर्ने तथा निर्णय लिन पाउने अधिकारको पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जोडीबारे ११ प्रेरणादायक कथा समेटिएको पुस्तक 'समुदायको शक्ति' पनि लोकार्पण गरिएको थियो । पुस्तकमा ती जोडीहरूको साहस, सङ्घर्ष, धैर्यता र प्रेरणालाई चित्रण गरेको छ ।

होमोफोबिया, बाइफोबिया र ट्रान्सफोबियाविरुद्धकोअन्तरराष्ट्रिय दिवस हरेक वर्ष मे १७ मा विश्वव्यापी रूपमा मनाउने गरिएको छ । सन् १९९० मे १७ मा विश्व स्वास्थ्य सङ्गठनले समलैङ्गिकतालाई मानसिक रोगको सूचीबाट हटाई यसलाई प्राकृतिक प्रक्रिया हो भनी घोषणा गरेको दिनको स्मरण गर्दै दिवस मनाउने गरिन्छ ।यहाँ आयोजित कार्यक्रममा सातैवटै प्रदेशबाट गरी करिब ३०० अधिकारकर्मी, सम्बन्धित विषयका अभियन्ता तथा सरोकारवाला निकायको उपस्थिति थियो ।रासस

## परराष्ट्रमन्त्री डा राणासँग बिम्स्टेकका महासचिवको शिष्टाचार भेट



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवासँग बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) का महासचिव इन्द्रमणि पाण्डेले शनिबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

सगरमाथा संवादमा सहभागी हुन काठमाडौँ आउनुभएका उहाँले शनिबार यहाँ मन्त्री डा राणासँग 'साइडलाइन' भेट गर्नुभएको हो । त्यस अवसरमा बिम्स्टेकसँग नेपालले जलवायु परिवर्तनका क्षेत्रमा गर्न सकिने सहकार्य र समन्वयबारे कुराकानी भएको थियो । मन्त्री डा राणाले बिम्स्टेकका उद्देश्य र सिद्धान्तप्रति नेपालको प्रतिबद्धता दोहोर्‍याउनुभयो । यसैगरी मन्त्री डा राणासँग किर्गीस्थानका राष्ट्रपतिका विशेष दूत दिनारा कामेलोभाले पनि शनिबार शिष्टाचार भेटवार्ता गर्नुभयो ।

सगरमाथा संवादका लागि नेपालमा रहनुभएकी निदाराले मन्त्री डा राणासँग आज होटल सोल्टीमा शिष्टाचार भेटवार्ता गर्नुभएको हो । भेटका क्रममा मन्त्री डा राणाले उहाँलाई सगरमाथा संवादमा सहभागिताका लागि धन्यवाद ज्ञापन गर्नुभयो ।

उक्त भेटमा किर्गीस्थान र नेपालको द्विपक्षीय सम्बन्धका साथै पर्यटन, कृषि, जलविद्युत्लगायत क्षेत्रमा गर्न सकिने सहकार्यका बारेमा कुराकानी भएको थियो ।रासस

## प्रधानमन्त्रीसँग कोप-२९ का अध्यक्षको शिष्टाचार भेट

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसँग कोप-२९ का अध्यक्ष तथा अजरवैजानका राष्ट्रपतिका जलवायु मामिला प्रतिनिधि मुख्तर बाबायेभले शनिबार शिष्टाचार भेट गर्नुभएको छ ।

प्रधाननमन्त्री निवास, बालुवाटारमा भएको भेटमा प्रधानमन्त्री ओलीले विश्वव्यापी साझा मुद्दा बनेको जलवायु परिवर्तनका सवालमा आपसी सहकार्यका माध्यमबाट चुनौतीको सामना गर्नुपर्नेमा जोड दिँदै यसका लागि अजरवैजानले गर्दै आएको अगुवाइप्रति धन्यवाद दिनुभयो । उहाँले हिमालदेखि समुद्रसम्मको अवधारणामा ठूला मुलुकलाई पनि ध्यानाकर्षित गराउँदै असंलग्न राष्ट्रहरूले साझा प्रयास अगाडि बढाउनुपर्ने बताउनुभयो ।



सगरमाथा संवादका लागि उक्त मुलुकबाट नेपाल आउनुभएका विशेष प्रतिनिधि बाबायेभले नेपालले हिमालको रक्षा र वातावरणीय सुरक्षाका लागि गरेको सगरमाथा संवादका लागि बधाई दिँदै यसका सन्देशहरू विश्व समुदायसमक्ष पुर्‍याउने बताउनुभयो । भेटका अवसरमा नेपालका लागि अजरवैजानका गैह्रआवासीय राजदूत र परराष्ट्र मन्त्रालयका अधिकारीलगायत सहभागी हुनुहुन्थ्यो ।रासस


**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**

**प्रादेशिक अस्पताल**

**जनकपुरधाम, धनुषा**

**मधेश प्रदेश, नेपाल**

## चमेना गृह (Canteen) संचालन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

सुचना नं.: IHS/PHC/SQ/2081-082/3

प्रकाशित मिति : २०८२।०२।०४

यस प्रतिष्ठानको अस्पतालमा चमेना गृह सिलबन्दी दरभाउपत्रको माध्यमबाट व्यक्ति/फर्म कम्पनी वा संस्था छनौट गरी सञ्चालन गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक दरभाउपत्रदाताहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको १५ औं दिन सम्म कार्यालय समय भित्र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक, जनकपुर स्थित आम्दानी खाता नं. १२२०१०००२६४९६००१ मा रु.२०००।- (अक्षरेपी रु.दुई हजार) जम्मा गरेको सक्कल बैंक भौचर फिर्ता नहुने गरि मिति २०८२।०२।१८ गते भित्र यस प्रतिष्ठानको प्रशासन शाखामा बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।
२. इच्छुक दरभाउपत्रदाताहरुले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रशासन शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सक्नेछन् ।
३. सिलबन्दी दरभाउपत्र पेश गर्दा फर्म दर्ता/नवीकरण भएको प्रमाणपत्र, प्यान/मू.अ.कर दर्ताको प्रमाण पत्र र आ.व. २०८०/०८१ सम्मको करचुक्ताको प्रमाणित प्रतिलिपी समेत साथै राखी पेश गर्नुपर्नेछ ।
४. सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०८२।०२।१९ गतेको १२:०० बजे भित्र यस प्रतिष्ठानमा दर्ता गराई सक्नुपर्नेछ ।
५. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिन मिति २०८२।०२।१९ गतेको २:०० बजे उपस्थित भएका दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस प्रतिष्ठानमा खोलिनेछ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
६. दरभाउपत्रदाताले दरभाउपत्रसाथ जमानत वापत रु.१०००००।-(अक्षरेपी रु. एक लाख मात्र) राष्ट्रिय बाणिज्य बैंक, जनकपुर स्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको धरौटी खाता नं. १२२०१०००२६४९७००१ म जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकको कम्तीमा ७५ (पचहत्तर) दिन म्याद भएको बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।
७. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिनेछ ।
८. सिलबन्दी दरभाउपत्रदाताले फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ ।
९. नेपाल सरकारले निषेध गरेको प्लाष्टिकको झोला प्रयोग गर्न र बाल श्रमिकको प्रयोग गर्न पाउने छैन ।
१०. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिन भित्र सम्बन्धित दरभाउपत्रदाता आफै प्रतिष्ठानमा उपस्थित भई सम्झौता गर्नु पर्नेछ । सो समय भित्र सम्झौता गर्न नआएमा उक्त दरभाउपत्रदाताले जम्मा गरेको धरौटी रकम जफत गरी अन्य दरभाउपत्रदातासंग सम्झौता गर्न सकिनेछ ।
११. दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा सरकारी वा सरकारी स्वामित्वमा रहेको कम्तिमा १०० शैया सम्मको अस्पतालमा क्यान्टिन संचालन गरेको अनुभव (कम्तीमा २ वर्षको) अनिवार्य रुपमा प्रमाण पेश गर्नु पर्नेछ ।
१२. अस्पताल क्यान्टिनमा धुम्रपान, मधपान तथा अन्य प्रतिबन्धीत पदार्थहरु बिक्रि वितरण गर्न पाइने छैन ।
१३. अस्पतालले तोकेको दरभाउमा अस्पतालको विरामी, कुरुवा तथा कर्मचारीहरुलाई खाना, खाजा, चिया तथा अन्य खाने साम्रागी उपलब्ध गराउनु पर्नेछ ।
१४. क्यान्टिनमा प्रयोग हुने खानेपानी, विजुली महसुल क्यान्टिन संचालकले आफै व्यवस्था गर्नुपर्ने । साथै क्यान्टिन कोठालाई पार्टिशन गर्नुपर्ने अवस्था आएमा क्यान्टिन संचालकले आफ्नै खर्चमा गर्नुपर्ने ।
१५. प्रतिष्ठानबाट चमेना गृह संचालन गर्न भवन र सो ले चर्चेको जग्गा उपलब्ध गराउनेछ र सो वापतको भाडा न्यूनतम रु.७५०००।- (अक्षरेपी रु. पचहत्तर हजार मात्र) मासिक तिर्नुपर्नेछ ।
१६. चमेना गृह संचालन गरेपछि प्रतिष्ठानको निर्देशानुसार खाद्य परिकारको खाद्य तथा गुण नियन्त्रण विभागबाट परीक्षण गराई सो को प्रतिवेदन प्रतिष्ठानमा पेश गर्नु पर्नेछ ।
१७. दरभाउपत्र साथ संलग्न मूल्य सुचीकै मूल्यमा खाजा, खाना, चिया तथा अन्य खाने परिकार उपलब्ध गराउछु भन्ने मञ्जुरी पत्र पेश गर्नु पर्नेछ ।
१८. क्यान्टिन/चमेना गृहमा कामकाज गर्ने कर्मचारीहरुको स्वास्थ्य परिक्षण प्रत्येक ६/६ महिनामा गराई प्रतिष्ठानमा बुझाउनु पर्नेछ ।
१९. चमेना गृहमा काम गर्ने सम्पूर्ण कर्मचारीहरु प्रतिष्ठानले तोकेको पोशाक लगाउनु पर्नेछ ।
२०. क्यान्टिनमा कार्यरत कर्मचारीहरु मध्ये कम्तीमा १ (एक) जना HACCP (Hazard Analysis and Critical Control Point) तालिम लिएको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।
२१. दरभाउपत्रदाताले खाद्य परिकारहरुको दररेट यस प्रतिष्ठानले उपलब्ध गराएको दररेट भित्र भर्नु पर्नेछ ।

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**जनकपुरधाम, धनुषा**

# भारत र पाकिस्तानबीच संसारकै खतरनाकमध्येका सिमानाको नालीबेली

**बीबीसी**

काठमाण्डु । भारत र पाकिस्तानलाई छुट्ट्याउने नियन्त्रण रेखा (एलओसी) नजिक बस्नु भनेको धरमराउने शान्ति र खुला सङ्घर्षबीच तरबारको धारमा बस्नु जस्तै हो।

पहलगाम हमलापछि हालै भारत र पाकिस्तानबीच भएको तनावले दुई देशलाई फेरि युद्धको सँघारमा पुऱ्याइदियो।

एलओसीको दुवैतर्फ गोलाबारी भयो जसबाट घरहरू भग्नावशेषमा परिणत भए र मानिसहरूको ज्यान आँकडामा सीमित हुन पुगेको छ। पछिल्लो द्वन्द्वका कारण भारततर्फ १६ जनाको ज्यान गएको बताइएको छ भने पाकिस्तानले आफ्ना ४० जना नागरिका मारिएका दाबी गरेको छ। यद्यपि प्रत्यक्ष गोलाबारीमा परेर कति मानिसले ज्यान गुमाए भन्ने प्रस्ट भएको छैन। "एलओसीनजिक बस्ने परिवारहरू भारतीय र पाकिस्तानी सनकको सिकार हुनुपर्छ जसले चर्को तनावको सामना गर्नुपर्छ," क्यानडामा बस्दै आएकी एक पाकिस्तानी लेखिका अनम जकारियाले बीबीसीसँग भनिन्।



"गोली हानाहान सुरु हुँदा हरेक पटक मानिसहरू बङ्करभित्र पस्न बाध्य हुन्छन्, चौपाया र जनजीविका नष्ट हुन्छन्। घर, अस्पताल, विद्यालयसहितका पूर्वाधार क्षतिग्रस्त हुन्छन्। दैनिक जीवनमा असुरक्षा र अस्थिरताको प्रभाव गम्भीर हुन्छ," पाकिस्तान प्रशासित कश्मीरबारे किताब लेखेकी जकारियाले अगाडि थपिन्।

भारत र पाकिस्तानबीच ३,३२३ किलोमिटर सीमा जोडिएको छ जसमा ७४० किलोमिटर एलओसी र करिब २,४०० किलोमिटर अन्तर्राष्ट्रिय सीमा पर्छ।एलओसीको सुरुवात सन् १९४९ मा प्रथम भारत-पाकिस्तान युद्धपछि युद्धविराम रेखाको रूपमा भएको थियो र सन् १९७२ को शिमला सम्झौताअन्तर्गत त्यसको नाम फेरियो।भारत र पाकिस्तान दुवैले पूर्ण दाबी गर्दै आएका र निश्चित हिस्सामाथि दुवैको प्रशासन रहेको कश्मीरमा पर्ने एलओसी विश्वकै अत्यधिक सैन्यकरण भएको सीमामध्ये एक हो।

त्यहाँ द्वन्द्व कहिल्यै सकिँदैन र अर्को उक्साहटपूर्ण कार्य नभएसम्मका लागि मात्र युद्धविराम टिकाउ हुन्छ।दिल्लीस्थित जवाहरलाल नेहरू विश्वविद्यालयस्थित विदेश नीतिविज्ञ ह्यापीमोन ज्याकबका अनुसार "निम्न स्तरको फायरिङदेखि ठूलो स्तरमाभूमिकब्जा र सर्जिकलस्ट्राइकसम्मका घटनाले युद्धविराम उल्लङ्घन हुन सक्छ।" तर युद्ध निम्तिरहने यस्ता सीमाहरू दक्षिण एशियामा मात्र सीमित चाहिँ छैनन्।

रिआ विश्वविद्यालयस्थित इन्टरन्याशनल एन्ड कम्प्यारेटिभ पोलिटिक्स विषयका प्राध्यापक तथा 'कश्मीर याट द क्रशरोड्सः इन्साइड ए ट्वान्टी फर्स्ट सेन्चुरी कन्फ्लिक्ट' नामक किताबका लेखक सुमन्त्र बोसका अनुसार सबैभन्दा चिरपरिचित भनेको सन् १९४९ को युद्धविराम रेखा अर्थात् ग्रीन लाइन हो जुन इजरेल र वेस्ट ब्याङ्कबीच आमरूपमा मान्यताप्राप्त सीमा हो।

सन् २०२१ को युद्धविराम सम्झौतापछि एलओसीमा अस्थायी रूपमा कायम शान्ति दुई परमाणु अस्त्र सम्पन्न देशबीचको हालैको शत्रुतापछि तहसनहस हुन पुग्यो। "एलओसी र सीमामा भएको तनाव उल्लेखनीय छ किनकि तुलनात्मक रूपमा सीमामा चार वर्षसम्मको शान्तिपछि यो देखिएको हो," कार्नेगी इन्डियाका सूर्या वालिआप्पन कृष्णाले बीबीसीसँग भने।

भारत-पाकिस्तान सीमामा हिंसा कुनै नौलो होइन। सन् २००३ को युद्धविरामअघि भारतले सन् २००१ मा उल्लङ्घनका ४,१३१ र २००२ मा ५,७६७ वटा घटना भएको जनाएको थियो।

सन् २००३ को युद्धविराम सुरुमा कायम रह्यो र सन् २००४ देखि २००७ को अवधिमा उल्लङ्घनका नगन्य घटना भए। तर सन् २००८ मा फेरि तनाव देखियो भने सन् २०१३ सम्म तीव्र रूपमा बढ्यो।

सन् २०१३ देखि २०२१ को सुरुवातको अवधिमा नियन्त्रण रेखा तथा अन्तर्राष्ट्रिय सीमामा उच्च तहका द्वन्द्वहरू देखियो। सन् २०२१ को फेब्रुअरीमा भएको नयाँ युद्धविरामपछि हिंसामा तत्काल र सन् २०२५ को मार्चसम्म निरन्तर कमी आयो।

"सीमा वारपार गोलाबारीको समय नजिक बस्ने हजारौँ मानिसहरू महिनौँसम्म विस्थापित हुने गरेका हामीले देखेका छौँ," कृष्णाले भने। युद्धविराम उल्लङ्घन र सीमा वारपार गोली हानाहानका घटनाका कारण सन् २०१६ को सेप्टेम्बर र डिसेम्बरको सुरुतिरको अवधिमा २७ हजार मानिसहरू विस्थापित भए।अहिले त्यो चिन्ताजनक र अनिश्चित लाग्ने क्रम बढेको छ। पहलगाम हमलापछि तनाव बढ्यो।

भारतले दुई देशबीच पानी बाँडफाँटसम्बन्धी सिन्धु जल सन्धि निलम्बन गऱ्यो। पाकिस्तानले सन् १९७२ को शिमला सम्झौताबाट बाहिरिने चेतावनी दियो जुन सम्झौताले एलओसीलाई मान्यता दिएको हो।"यो चाहिँ पेचिलो छ किनभने शिमला सम्झौता अहिलेको एलओसीको आधार हो। त्यसअन्तर्गत दुवै देशले राजनीतिक मतभिन्नताबीच पनि एकपक्षीय रूपमा नियन्त्रण रेखामा हेरफेर नगर्ने सहमति गरेका छन्," कृष्णाले भने।

ज्याकबका अनुसार दुई देशबीच चुलिएको तनावसम्बन्धी कुराकानी र बहसका क्रममा एलओसीमा युद्धविराम सम्झौताको उल्लङ्घनका कुरा चर्चामा आएको देखिँदैन।

"परमाणु अस्त्र सम्पन्न दुई देशबीच १०५ एमएम मोर्टार, १५५ एमएम आर्टिलरी बन्दुक र एन्टीट्याङ्क गाइडेड क्षेप्यास्त्रहरू नियमित रूपमा प्रयोग हुँदा समेत प्राज्ञिक छलफल र नीतिगत ध्यानमा नपर्नु आफैँमा आश्चर्यको विषय हो," 'लाइन अफ फायरः सीजफायर भायोलेशन्स एन्ड इन्डिया-पाकिस्तान एस्केलेशन डाइनमिक्स' नामकका पुस्तकमा ज्याकबले लेखेका छन्।

युद्धविराम उल्लङ्घनमा ज्याकब दुईवटा कारण देख्छन्ः पाकिस्तानले भारत प्रशासित कश्मीरमा आतङ्कवादीहरूको घुसपैठमा सघाउन 'कभर फायर'को प्रयोग गर्छ जुन कुरा भारतविरुद्ध तीन दशकदेखिको सशस्त्र द्वन्द्वको साक्षी रहेको छ। गैरसैनिक क्षेत्रमा कुनै उक्साहटपूर्ण कार्यविनै भारतले फायरिङ गराउने गरेको पाकिस्तानले आरोप लगाउने गरेको छ।

भारत-पाकिस्तान सीमामा युद्धविराम उल्लङ्घका घटना हुनुमा उच्चस्तरीय राजनीतिक रणनीतिभन्दा स्थानीय स्तरमा सैन्य पक्ष बढी जिम्मेवार रहेको उनको तर्क छ।प्रायः फिल्ड कमान्डरहरूका कारण तनाव निम्तिने गर्छ। कहिलेकाहीँ केन्द्रको अनुमोदनमा हुन्छ भने धेरैजसो अनुमोदनविनै हुन्छ।

पाकिस्तानी सेनाले मात्रै हिंसा निम्त्याउँछ भन्ने भाष्यलाई पनि ज्याकब चुनौती दिन्छन्। बरु स्थानीय सैनिकहरूको प्राथमिकता र दुवैतर्फका सीमा फौजहरूलाई दिइएको स्वायत्तताको जटिल मिश्रणतर्फ उनी इङ्गित गर्छन्।कतिपय विज्ञहरू दुई वर्षअघि छोडिएको विचारबारे फेरि सोच्नुपर्ने आवश्यकता पनि औँल्याउँछन्ः एलओसीलाई औपचारिक अन्तर्राष्ट्रिय सीमाको रूपमा मान्ने। तर अर्काथरीले त्यो कहिल्यै वास्तविकतामा परिणत हुन नसक्ने तर्क गर्छन्।"यो पूर्णतः पूरा नहुने खालको छ। दशकौँदेखि भारतको नक्साले एकदमै महत्त्वपूर्ण रहेको जम्मू र कश्मीरका पूरै भूभागलाई आफ्नो हिस्साको रूपमा प्रस्तुत गर्दै आएको छ," सुमन्त्र बोसले बीबीसीसँग भने।

"पाकिस्तानको हकमा एलओसीलाई अन्तर्राष्ट्रिय सीमाको हिस्सा बनाउनुको अर्थ कश्मीर विवादलाई टुङ्ग्याउनुसरह हुनेछ। हरेक पाकिस्तानी सरकार, नागरिक अथवा सैनिकले विगत सात दशकदेखि त्यो कुरालाई अस्वीकार गर्दै आएका छन्।" बोसले सन् २००३ मा लेखेको आफ्नो किताब 'कश्मीरः रूट्स अफ कन्फ्लिक्ट, पाथ्स टू पीस'मा लेखेका छन्ः कश्मीर विवाद समाधानका निम्ति नियन्त्रण रेखा बदलियोस्। तारबार, बङ्कर, खाडल र आक्रामक सेनायुक्त फलामे पर्दा समेत फेरियोस् र त्यहाँ सूतीको पर्दा टाँगियोस्। व्यावहारिक राजनीतिले सिमाना स्थायी हुने तय गर्छ तर त्यसलाई नहटाइकनै वारपार गर्ने स्थिति बन्नुपर्छ।यद्यपि नियन्त्रण रेखामा त्यस्ता परिवर्तनलाई बृहत् कश्मीर सम्झौतामा समावेश गरिनुपर्नेमा उनको जोड छ।सन् २००४ देखि २००७ को बीचमा नियन्त्रण रेखालाई एउटा 'शफ्ट बोर्डर' मा परिणत गर्ने कुरा भारत-पाकिस्तान नयाँ शान्ति प्रक्रियाको केन्द्रमा थियो जुन पूरा हुन सकेन।

अहिले सीमामा फेरि तनाव भड्किएको छ र त्यसले ती मानिसहरूलाई हिंसा र अनिश्चितताको चक्रमा फेरि ल्याइदिएको छ जो त्यसको छायामा बस्छन्।"अब के हुन्छ भन्ने कुरा कहिल्यै थाहा हुन्न। आज राति एलओसीतर्फ फर्केर कोही सुत्न चाहँदैन," पछिल्लो तनाव चुलिएका बेला पाकिस्तान प्रशासित कश्मीरको एउटा होटलका कर्मचारीले बीबीसी उर्दूसँग भनेका थिए। जब तपाईँको झ्याल युद्धमैदानतर्फ खुल्छ तब शान्ति कति नाजुक हुन्छ भन्ने कुराको यो एउटा शान्त जनाउघण्टी थियो।

# फुटबल खेलले नेपाली समाजमा एकताको सन्देश फैलाइरहेको छः खेलकुदमन्त्री चौधरी

धरान । नेपाल कांग्रेसका नेता एवं युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले फुटबल खेलले नेपाली समाजमा आशा, उत्साह र एकताको सन्देश फैलाउँदै राष्ट्रिय विकासमा उल्लेखनीय योगदान पुऱ्याइरहेको बताउनुभएको छ ।

शनिबार यहाँ पार्टी कार्यकर्ता भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा उहाँले धरान फुटबलको सहरका रूपमा पनि परिचित रहेको भन्दै हाल यहाँ विभिन्न तहका फुटबल प्रतियोगिताहरू सञ्चालन भइरहेकामा खुसी व्यक्त गर्नुभयो । यहाँको सक्रियता र फुटबलप्रतिको जनस्तरको आकर्षणलाई मध्यनजर गर्दै सरकारले धरानमा सञ्चालन भइरहेको फुटबल एकेडेमी तथा आगामी लिगहरूमा थप बजेट वृद्धि गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।



खेलकुदमन्त्री चौधरीले भन्नुभयो, "धरानमा भइरहेका फुटबल गतिविधि देशका लागि अनुकरणीय छन् । जहाँ बुढासुब्बा गोल्डकपदेखि विभिन्न फुटबल लिग सञ्चालन हुने गरेका छन् । विगतदेखि नै हामीले अपेक्षा गरिएको भन्दा बढी बजेट विनियोजन गरेर सहयोग गरिरहेका छौं । आगामी वर्षहरूमा यसलाई थप सुदृढ र व्यवस्थित बनाउन सहयोग गर्नेछौं ।"

मन्त्री चौधरीले एकेडेमीको पूर्वाधार, तालिम तथा प्रतियोगिता सञ्चालनका लागि मात्र बजेट नभएर प्राविधिक सहयोग र आवश्यक स्रोतसाधनको व्यवस्थापनमा पनि मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले सङ्घीय सरकारअन्तर्गत रहेका १० वटा रङ्गशाला प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको पनि जानकारी दिनुभयो ।रासस

# यू-१६ क्रिकेटः सुदूरपश्चिम छनोटको तालिका सार्वजनिक



बैतडी । एसिसी मेन्स यू-१६ इस्ट जोन कप, २०२५ को सुदूरपपिश्चम छनोट बैतडीमा हुने भएको छ । प्रतियोगिता यही जेठ ८ गतेदेखि बैतडीको दशरथचन्द क्रिकेट रङ्गशाला, सुन्दरखालीमा हुने सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका सचिव लक्ष्मणदत्त भट्टले जानकारी दिनुभयो ।

सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घ र बैतडी जिल्ला क्रिकेट सङ्घको संयुक्त आयोजनामा सञ्चालन हुने प्रतियोगिताको खेलतालिकासमेत सार्वजनिक गरिएको छ । प्रतियोगितामा नेपाल क्रिकेट सङ्घमा अबद्ध सुदूरपश्चिमका आठ जिल्लाको सहभागिता रहनेछ । सहभागी आठ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा डडेल्धुरा, बैतडी, बझाङ र डोटी तथा समूह 'बी'मा अछाम, कैलाली, कञ्चनपुर र दार्चुला छन् ।

यही जेठ ८ गते हुने पहिलो तथा उद्घाटन खेल बैतडी र बझाङबीच हुनेछ । सोही दिन हुने अर्को खेल डडेल्धुरा र डोटीबीच प्रतिस्प्रर्धा हुनेछ । जेठ ९ गते बैतडी र डडेल्धुरा र बझाङ र डोटीबीच हुनेछ भने जेठ १० गते डडेल्धुरा र बझाङ तथा बैतडी र डोटीबीच हुनेछ । जेठ ११ गते अछाम र कैलाली तथा कञ्चनपुर र दार्चुलाबीच हुने जनाइएको छ । साथै जेठ १२ गते अछाम र कञ्चनपुर तथा कैलाली र दार्चुला खेल्नेछन् ।

जेठ १३ गते कैलाली र कञ्चनपुर तथा अछाम र दार्चुलाबीच भिडन्त हुनेछ । जेठ १४ गते समूह 'ए' विजेता र 'बी'को विजेता उपाधिका लागि खेल्नेछन् । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई प्रदेशको टोलीमा समावेश गरिनेछ।एशियनक्रिकेटकाउन्सिलको कार्यक्रमअनुसार नेपाल क्रिकेट सङ्घले एसिसी मेन्स यू-१६ इस्ट जोन कप २०२५ को छनोटका लागि यही महिनामा राष्ट्रिय प्रतियोगिता गर्दैछ ।रासस

# लगातार जनसंख्या घटिरहेको भारतको पारसी समुदायबीच यस्तो साइनो

**बीबीसी**

काठमाण्डु । भारतको आर्थिक राजधानी मुम्बईको दक्षिणी छेउमा रहेको एउटा गल्लीमा संसारको सबैभन्दा पुरानोमध्येको एउटा जोरोआस्ट्रियन धर्मका अनुयायीप्रति समर्पित एउटा सङ्ग्रहालय छाफ्रामजी दादाभोय अल्पाइवाला सङ्ग्रहालयले प्राचीन पारसी समुदायको इतिहास र विरासतको दस्तावेजीकरण गरेको छ।

पारसी एउटा सानो जातीय समूह हो त्यो द्रुत गतिमा घट्दै गइरहेको छ र उनीहरू धेरै हदसम्म भारतमा बसोबास गर्छन्। अहिले केवल ५० देखि ६० हजारको हाराहारीमा रहेको अनुमान गरिएका पारसीहरू इस्लामिक शासकद्वारा भएको धार्मिक उत्पीडनबाट भागेका पर्सिअनहरूका सन्तान हुन् भन्ने ठानिन्छ। भारतको आर्थिक र सांस्कृतिक संरचनामा उनीहरूको महत्त्वपूर्ण योगदानको हुँदाहुँदै पारसी समुदायबारेका धेरै कुरा मूलधारको जनस~्या र व्यापक विश्वलाई खासै थाहा छैन। "हालै पुनर्निर्मित सङ्ग्रहालयले प्रदर्शनमा रहेका दुर्लभ ऐतिहासिक कलाकृतिमार्फत् पारसी समुदायको इतिहास, संस्कृति र परम्पराबारे खोजी गर्न मानिसहरूलाई आमन्त्रित गरेर अस्पष्टतालाई केही हदसम्म स्पष्ट पार्ने आशा राखेको छ," सङ्ग्रहालयका क्युरेटर केर्मन फटकिया भन्छन्।



यीमध्ये केही बेबिलोन, मेसोपोटामिया, सुसा र इरान जस्ता ठाउँहरूबाट ल्याइएका क्यूनिफर्म इँटा, टेराकोटाका भाँडाकुँडा, सिक्का र अन्य वस्तुहरू पनि छन्। ती सामानहरू चार हजारदेखि पाँच हजार ईसापूर्वका हुन्। यी सामानहरू ल्याइएका ती ठाउँहरूमा कुनै बेला जोरोआस्ट्रियन इरानी राजाहरूले शासन गर्थे।उदाहरणका लागि त्यस्ता शासकहरूमा अकेमेनिअन, पार्थिअन र ससानिअन राजवंशहरू पर्छन्।

त्यहाँ मध्य इरानको शहर याज्दबाट ल्याइएका कलाकृतिहरू छन्।उक्त बाँझो मरुभूमिमा सातौँ शताब्दीमा अरब आक्रमणपछि इरानका अन्य क्षेत्रहरूबाट भागेर आएका जोरोआस्ट्रियनहरू ठूलो स~्यामा बसोबास गरेका थिए। प्रदर्शनमा राखिएको उल्लेखनीय कलाकृतिमध्ये एक अकेमेनिड साम्राज्यका संस्थापक पर्सिअन राजा साइरस द ग्रेटको माटोको सिलिन्डरको प्रतिआकृति हो।

उक्त माटोको सिलिन्डरलाई "इडिक्ट अफ साइरस" वा "साइरस सिलिन्डर" पनि भनिन्छ। फटकियाका अनुसार त्यो प्राचीन संसारको सबैभन्दा महत्त्वपूर्ण खोजमध्ये एक हो। क्युनिफोर्म लिपिमा कुँदिएको त्यसले बेबिलोनमा साइरसले आफ्ना प्रजाहरूलाई दिएको अधिकारको रूपरेखा प्रस्तुत गर्छ।त्यसलाई मानव अधिकारसम्बन्धी पहिलो बडापत्रको रूपमा पनि हेरिन्छ र संयुक्त राष्ट्रसङ्घमा समेत त्यसको प्रतिआकृति प्रदर्शनमा राखिएको छ।त्यहाँ हजारौँ इरानी जोरोआस्ट्रिअनहरूको बसाइँसराइका मार्गहरू पत्ता लगाउने नक्साहरू पनि छन्।

ती नक्साहरूले उत्पीडनको डरले आफ्नो देशबाट भागेर आठौँदेखि दशौँ शताब्दीमा र पछि उन्नाइसौँ शताब्दीमा उनीहरूले कहाँबाट कसरी भारतसम्मको यात्रा तय गरेका थिए भन्ने देखाउँछन्। उक्त सङ्ग्रहमा फर्निचर, पाण्डुलिपि, चित्रहरू र पारसी समुदायका प्रमुख व्यक्तित्वहरूका व्यक्तिचित्रहरू पनि छन्। त्यस्ता चित्रमध्ये जगुअर ल्यान्ड रोभर र टेटली चिया जस्ता ब्रान्डहरूको स्वामित्व भएको प्रतिष्ठित टाटा समूहका संस्थापक जमशेदजी नुसेरवानजी टाटाको पनि रहेको छ।

अर्को आकर्षक खण्डमा पारसीहरूले सङ्कलन गरेका कलाकृतिहरू प्रदर्शन गरिएको छ।ती कलाकृतिहरू १९औँ शताब्दीको प्रारम्भमा चीनसँग चिया, रेशम, कपास र विशेषगरी अफिम व्यापार गरेर पारसीहरू धनी भएपछि सङ्कलन गरिएका थिए।त्यहाँ चीन, फ्रान्स र विश्वव्यापी व्यापारको सम्बन्धलाई झल्काउने अन्य क्षेत्रहरूका डिजाइनबाट प्रभावित परम्परागत पारसी सारीहरू पनि प्रदर्शनीमा राखिएका छन्।

सङ्ग्रहालयका दुईवटा सबैभन्दा आकर्षक प्रदर्शनीहरूमा टावर अफ साइलेन्स र पारसी अग्नि मन्दिरका प्रतिआकृतिहरू हुन्। टावर अफ साइलेन्स वा दख्मा भनेको पारसीहरूले आफ्ना मृतक आफन्तलाई प्रकृतिमा विलिन गराउन छाड्ने स्थान हो। पारसी संस्कृतिमा मृतकलाई न गाडिन्छ न त दाहसंस्कार नै गरिन्छ।"शरीरलाई त्यहाँ राखेपछि के हुन्छ भनेर यसले ठ्याक्कै देखाउँछ," फटाकिया भन्छन्।वास्तविक त्यस्ता टावरहरूमा प्रवेश गर्न भने केही व्यक्तिहरूले मात्र पाउँछन्।अग्नि मन्दिरको जीवन्त आकारको प्रतिकृति पनि उत्तिकै आकर्षक छ।

त्यसले सामान्यतया गैरपारसीहरूका लागि खासै पहुँच नभएको पवित्र स्थानको दुर्लभ झलक दिन्छ।यसलाई मुम्बईको एउटा प्रमुख मन्दिरको झल्को दिने गरी इरानको प्राचीन पर्सिअन वास्तुकलाबाट प्रेरित भएर बनाइएको छ। अल्पाइवाला सङ्ग्रहालय सुरुमा सन् १९५२ मा तत्कालीन बम्बईमा स्थापना भएको थियो र त्यो उक्त सहर पुरानो संस्थामध्ये एकमा पर्छ।

# पन्ध्र वर्षपछि सक्रिय हुँदै बाँकेका पुराना खेलाडी

नेपालगञ्ज । राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा ख्याति कमाएका बाँकेका पुराना खेलाडी पुनः सक्रिय हुन थालेका छन् ।

बाँकेमा पूर्वखेलाडी सङ्घ गठन गरेर खेलकुदको विकास र यस क्षेत्रलाई खेलकुदमा चिनाउन भन्दै पुराना खेलाडी सक्रिय हुन थाल्नुभएको हो । भलिबलका पुराना राष्ट्रिय खेलाडी राकेश श्रीवास्तवले करिब १५ वर्षपछि आफू खेलकुदमा सक्रिय हुन थालेको जानकारी दिँदै सामाजिक उत्तरदायित्वका कारण पनि खेलप्रतिको निष्ठा कायम रहेको बताउनुभयो ।



उहाँले २०३० देखि २०४२ सालसम्म भलिबलको राष्ट्रिय खेलाडीका रूपमा योगदान गरेको उल्लेख गर्दै विगतमा जागिरे जीवन भएका कारण केही कठिनाई झेल्नुपरेको बताउनुभयो। "जिल्ला ओझेलमा परेकाले पनि यसलाई पुनः जगाउने प्रयास गरिएको छ", उहाँले भन्नुभयो ।

पूर्वखेलाडी समाजका कार्यवाहक अध्यक्ष निजामुद्दिन सिद्दिकीले करिब १० वर्षपछि आफू खेलकुदमा सक्रिय हुन थालेको जानकारी दिँदै सबै ठाउँमा खेलकुदका कार्यक्रम भए पनि नेपालगञ्जमा कम हुन थालेको गुनासो गर्नुभयो ।

उहाँले २०३२ देखि २०५० सालसम्म फूटबल र हकीको खेलाडीका रूपमा खेल खेलेको उल्लेख गर्दै विगत केही वर्षअघि भारतको दक्षिण एसियाली खेलमा समेत सहभागी भएको बताउनुभयो ।

"सबै ठाउँमा केही न केही खेलकुद भइरहेको छ तर नेपालगञ्जमा पुराना खेलाडीको बाहुल्य रहे पनि खेलकुद नभएकाले त्यसलाई पुनः सक्रिय गराउन खोजिएको छ", अध्यक्ष सिद्दिकीले भन्नुभयो । पूर्वखेलाडी समाज, बाँकेले आगामी जेठ ९ र १० गते ब्याडमिन्टन १६ देखि १८ गतेसम्म नेपालगञ्जमा भलिबल प्रतियोगिता आयोजना गर्न थालेको छ ।

ब्याडमिन्टनमा रु तीन लाख ५० हजार र भलिबल खेलमा रु चार लाख ५० हजार खर्च हुने समाजका अध्यक्ष निजामुद्दिन सिद्दिकीले जानकारी दिनुभयो । सो खेलका लागि नेपालगञ्ज उपमहानगरपालिकाले आर्थिक सहयोग गरेको छ ।

ब्याडमिन्टन अण्डर १५ मा प्रथम द्धितीय र तृतीयलाई रु १० हजार, पाँच हजार र रु दुई हजार ५००, मेन्स डबल्समा प्रथम, द्धितीय र तृतीय हुने टिमलाई रु २० हजार, १५ हजार र रु १० हजार पुरस्कार वितरण गरिने कावा अध्यक्ष सिद्दिकीले बताउनुभयो । नकआउट प्रणालीमा खेलाइने प्रतियोगितामा भलिबलतर्फ महिला र पुरूष गरी २५ टिम र ब्याडमिन्टनतर्फ ७५ खेलाडी सहभागी रहने छन् ।रासस

## सागसब्जी र फलफूलको अधिकतम थोक मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शनिबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ७०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु ५५, गोलभैँडा सानो (टनेल) प्रतिकिलो रु ५५, गोलभैँडा सानो (भारतीय) प्रतिकिलो रु ३५, आलु रातो प्रतिकिलो रु ३८, आलु रातो (भारतीय) प्रतिकिलो रु ३८, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ३८, गाजर (लोकल) प्रतिकिलो रु ५५, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु १५, काउली (स्थानीय) प्रतिकिलो रु ५०, मूला रातो प्रतिकिलो रु ३५, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ३०, भन्टा डल्लो प्रतिकिलो रु ३०, तने बोडीको मूल्य प्रतिकिलो रु ७०, मकै बोडी मूल्य प्रतिकिलो रु ७० कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु १००, घिउ सिमी (लोकल) प्रतिकिलो रु ४०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ४०, राजमा मूल्य प्रतिकिलो रु १००, भटमास कोसा प्रतिकिलो रु १२०, तितो करेला प्रतिकिलो रु ३०, लौका प्रतिकिलो रु २०, परबर (लोकल) प्रतिकिलो रु ६०, परबर (तराई) प्रतिकिलो रु ६०, चिचिण्डो प्रतिकिलो रु ४०, घिरौला प्रतिकिलो रु ३५, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ५०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु २५, भिण्डी प्रतिकिलो रु ३० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ६०, पिँडालु प्रतिकिलो रु १००, रायो साग प्रतिकिलो रु ५०, पालुङ्गो साग प्रतिकिलो ८०, चमसुरको साग रु ८०, तोरीको साग प्रतिकिलो रु ३५, मेथीको साग प्रतिकिलो रु ८०, प्याज हरियो प्रतिकिलो रु ५०, च्याउ (कन्य) प्रतिकिलो रु २००, च्याउ (डल्ले) प्रतिकिलो रु ३५०, कुरिलो प्रतिकिलो रु ६००, निगुरो प्रतिकिलो रु ३० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकिलो रु ९०, चुकुन्दर प्रतिकिलो रु ७०, सजीवन प्रतिकिलो रु ८०, रातो बन्दा प्रतिकिलो रु ६०, जिरीको साग प्रतिकिलो रु ६५, ग्याठकोभी प्रतिकेजी रु ६०, सेलरी प्रतिकिलो रु २१०, पार्सले प्रतिकिलो रु ५००, सौफको साग प्रतिकिलो रु ९०, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ४०, इमली प्रतिकिलो रु १९०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १४० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३२०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २६०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु ३५०, भारतीय सुन्तला रु १५०, दरभुजा (हरियो) प्रतिकिलो रु ५०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु ५०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ३०, रुख कटहर प्रतिकिलो रु ८०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, स्ट्रबेरी (भुइँऐसेलु) प्रतिकिलो रु २५०, किवी प्रतिकिलो रु ४६०, आभोकाडो प्रतिकिलो रु ५८० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकिलो रु १२०, खुर्सानी सुकेको प्रतिकिलो रु ४२०, खुर्सानी हरियो प्रतिकिलो रु ९०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ९०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ३५, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ४००, भेडे खुर्सानी प्रतिकिलो रु ८०, लसुन हरियो प्रतिकिलो रु ९०, हरियो धनिया प्रतिकिलो रु ६०, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३००, लसुन सुकेको नेपाली प्रतिकिलो रु २००, छ्यापी सुकेको प्रतिकिलो रु २००, छ्यापी हरियो प्रतिकिलो रु १५०, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउ प्रतिकिलो रु ८०० तोकेको छ ।रासस

# तरबुजा खेतीः चार महिनामा १५ लाख रूपैयाँ आम्दानी



गण्डकी । पोखरा महानगरपालिका-३३ सुरौदी खोला किनाराको तिखेढुङ्गा होस वा पोखरा-१३ ढाँडबेसी र आसपासका फाँट धेरै ठाउँमा तरबुजा लटरम्म फलेको देख्न सकिन्छ ।

विगतमा तराई र भारतका स्थानबाट आएका तरबुजा मात्र खाएका पोखरेली यतिखेर आफ्नै गाउँठाउँमा फलेका स्वादिलो तरबुजाको स्वाद लिन पाउँदा दङ्ग छन् । सुरौदीको तिखे ढुङ्गामा अगुवा कृषकद्वय रमेश आचार्य र ज्ञानबहादुर कार्कीले संयुक्त रूपमा गरेको तरबुजा खेती होस् वा आर्वाको ढाँडबेसीमा ई विक्रम बरालसहित युवा रवि, अर्जुन, मनिशलगायतले संयुक्त रूपमा लगाएको तरबुजा यतिखेर रोजगारीकै खोजीमा विदेशिएका युवाका लागि पनि दरिलो पाठ बनेको छ ।

रुद्रगङ्गा कृषि बहुउद्देश्यीय कृषि फर्ममार्फत ढाँडबेसीको १५ रोपनी क्षेत्रफलमा गरिएको तरबुजा खेतीबाट लगाएको चार महिनाको अवधिमा नै १५ लाख रूपैयाँ आम्दानी गरिसकिएको ई बरालले जानकारी दिनुभयो ।विगतमा तराई र भारतबाट मात्रै तरबुजा आउने र खाने गरिएकोमा यही क्षेत्रमा पनि राम्रो फल्छ भन्ने कुरा चरितार्थ पार्न सफल बनिएको उहाँले बताउनुभयो ।"हामीले लगाएको तरबुजा लटरम्म फलेको छ", उहाँले भन्नुभयो, "हामीले तीन हजार पाँच सय किलोग्राम तरबुजा उत्पादन गरिसकेका छौँ ।"

पोखरा महानगरपालिका-३३ सुरौदी फाँटको तिखेढुङ्गामा अगुवा कृषकद्वय ज्ञानबहादुर कार्की र रमेश आचार्यले ३५ रोपनी क्षेत्रफलमा तरबुजा लगाउनुभएको छ ।उहाँहरूले लगाएको तरबुजा अबको केही दिनमा नै बजारमा आउने कृषक रमेश आचार्यले बताउनुभयो ।उहाँहरूले सरस्वती, रेड भेलरेट, फनेक्स, मान्ठाना र राजा जातका खरबुजा फलाउनुभएको छ ।

पोखरा-१३ पाटनवेशीका बुद्धप्रसाद बरालले तीन रोपनी क्षेत्रफलमा तरबुजा लगाउनुभएकोमा झण्डै ६०० किलोग्राम बिक्री गरिसक्नुभएको छ । उहाँको लक्ष्मी बराल एग्रोफर्ममा फलेको तरबुजा बजारमा माग अत्याधिक रहेको उहाँले जानकारी दिनुभयो ।पोखराकै हेमजामा द अम्मट बिचमा रमेश कार्कीले तीन रोपनी क्षेत्रफलमा लगाउनुभएको तरबुजा राम्रो फलेको छ । उत्पादन हेर्दा यस क्षेत्रमा राम्रै तरबुजा फलाउन सकिने देखिएको कार्कीले जानकारी दिनुभयो ।

विगतका वर्षमा सामान्य परीक्षणको रूपमा १०/१२ रोपनी क्षेत्रफलमा मात्रै गरिएको तरबुजा खेती यस वर्ष भने २०० रोपनी क्षेत्रमा विस्तार गरिएको पोखरा महानगरपालिका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो ।

तरबुजा खेतीका लागि महानगरपालिकाले बीउ तथा मलचिङमा महानगरले सहयोग गरेको उहाँले जानकारी दिनुभयो । महानगरपालिका-१३, २३, ३०, ३२, ३३ मा यस खेतीतर्फ आकर्षण बढिरहेको जानकारी दिँदै उहाँले स्थानीय रूपमा उत्पादित तरबुजाको स्वाद पनि निकै मीठो रहेको बताउनुभयो । पोखरामा यस वर्ष करिब ४०० टन (लगभग दुई करोड रूपैयाँ बराबर) को तरबुजा उत्पादन भएको उहाँले जानकारी दिनुभयो ।

महानगरपालिकाले पोखरामा उत्पादित सरस्वती जातको खरबुजाको 'ब्रान्डिङ' र बजारीकरणका लागि स्टिकर तयार गरेको कडरियाले जानकारी दिनुभयो ।

**स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न तरबुजा मेला**

स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने लक्ष्यका साथ पोखरामा बिहीवार तरबुजा मेला २०८२ गरिएको छ ।वडास्तरीय कृषि सञ्जाल पोखरा-१३ को व्यवस्थापन र पोखरा महानगरपालिकाको कृषि विकास शाखाको सहकार्यमा सञ्चालित मेलामा तरबुजा प्रदर्शनी, निःशुल्क स्वाद परीक्षण, प्राविधिक जानकारी आदान-प्रदान, सफल किसानका अनुभव साझा, परिकार प्रदर्शनी तथा बाली उपचार शिविरसमेत सञ्चालन गरिएको पोखरा महानगरपालिका-१३ का वडा अध्यक्ष किरण बरालले जानकारी दिनुभयो ।

कृषकको मेहनत र पसिनाको फललाई प्रवर्द्धन गर्ने लक्ष्यसहित कार्यक्रम तय गरिएको बताउँदै उहाँले कृषि उत्पादनमा प्रोत्साहन गर्दै आत्मनिर्भरता अभिबृद्धि गर्ने लक्ष्य राखिएको बताउनुभयो ।

**पोखरामा नै फल्यो करिब आठ किलो तौलको तरबुजा**

मेलाका अवसरमा ल्याइएका तरबुजामध्ये पोखरा-३३ सुरौदीको तिखेढुङ्गमा लगाइएको तरबुजा एउटैको सात किलो ८६० ग्राम तौलको पाइएको छ । प्रदर्शनीमा कृषि फर्म तथा व्यक्तिगत रूपमा तरबुजा खेती गर्नेहरूका उत्पादनलाई तौल गरिएकोमा रमेश आचार्य र ज्ञानबहादुर कार्कीले तिखेढुङ्गामा लगाउनुभएको तरबुजा सबैभन्दा बढी तौलको प्रमाणित गरिएको हो । मेलाका अवसरमा ठूलो तौलको फलाएवापत उहाँहरूलाई पाँच हजार रूपैयाँ नगदसहित पुरस्कृत गरिएको थियो ।

त्यस्तै मेलामा गरिएको तरबुजा खाने प्रतियोगितामा रवि बराल र विमला श्रेष्ठ पहिलो र दोस्रो बन्नुभएको छ । उहाँहरूलाई पुरस्कारस्वरूप नौ किलोग्राम र छ किलोग्राम तरबुजा पुरस्कारस्वरूप प्रदान गरिएको थियो ।

त्यस्तै प्रदर्शनीमा उत्कृष्टता हासिल गर्ने मणिद्विप कृषि फर्म पोखरा १३ आर्वाका श्रीधरलाल बराल र रोशन बराल प्रथम बन्नुभयो भने पिपलडाली पशु तथा कृषक समूह पोखरा २८ का शोवितबहादुर अधिकारी दोस्रो बन्नुभयो ।रासस

# सिङ्गो गाउँ नै व्यावसायिक किबीखेतीमा



तम्घास । गुल्मीको कालीगण्डकी गाउँपालिकाका किसान किबीखेतीमा आकर्षित भएका छन् । वडा नं १ सिरकोटको सिङ्गो गाउँ नै व्यावसायिक किबीखेतीमा लागेको हो ।

मकैलगायत बाली लगाउँदा लागत बढी, उत्पादन र आम्दानी कम भएकाले किसान किबीखेतीमा लागेका हुन् । अहिले किबीको बजार राम्रो भएकाले किसानलाई व्यावसायिक खेतीमा लाग्न प्रेरित गरेको स्थानीय बताउँछन् । सिरकोटका १८ परिवारका नागरिकले अहिले २५० रोपनी क्षेत्रफलमा किबीखेती गरिरहेका छन् । त्यसमा छ हजार ४०० बिरुवा लगाइएको छ ।

स्थानीय लक्ष्मीपति न्यौपानेले आफ्नो बारीमा २०७७ सालमा एक हजार ४०० बिरुवा लगाउनुभयो । पहिलो उत्पादनका रुपमा गत वर्ष उहाँले रु दुई लाख ५० हजारको किबी बिक्री गर्नुभयो । यस वर्ष रु सात लाखको बिक्री गर्ने लक्ष्य राखेको उहाँले बताउनुभयो । "गत वर्ष बिक्रीको सुरुको वर्ष थियो, यस वर्ष ४५ क्विन्टल फल्ने अनुमान छ", न्यौपानेले भन्नुभयो, "बिक्रीबाट प्राप्त भएको आम्दानीले घरखर्च राम्रै चलेको छ ।"

रोजगारीको सिलसिलामा २०६१ सालमा भारत जानुभएका उहाँ दुई वर्ष बसेर स्वदेश फर्किनुभयो । अहिले स्थानीय देउराली माध्यमिक विद्यालयमा अध्यापनसमेत गराउने उहाँले किबीका साथै एक हजार ४०० सुन्तलाका बिरुवा लगाउनुभएको छ । सोही गाउँमा गगन तरामुका ९०० तथा चन्द्रकला पाण्डेका ८०० किबीका बिरुवा छन् ।

गत वर्ष सिरकोटबाट मात्रै रु १० लाखको किबी निर्यात भएको छ । स्थानीय बजारमा फुटकर प्रतिकिलो रु ३०० र थोकमा प्रतिकिलो २०० मा बिक्री हुन्छ । औसत प्रतिकिलो २५० मा स्थानीय बजारका साथसाथै बुटबल, भैरहवासम्म पनि किबी बिक्री हुने गरेको उन्नतशील कृषि तथा फलफूल कृषक समूहका अध्यक्षसमेत रहेका पदमपाणि पाण्डेले जानकारी दिनुभयो । किबीका बिरुवा २०७७ सालमा दोलखाबाट प्रतिबिरुवा रु ३०० मा खरिद गरिएको थियो । पछि कालीगण्डकी गाउँपालिकाले पनि बिरुवामा अनुदान दिएको थियो ।

सिरकोटमा यस वर्ष सबै किसानको गरी रु २० लाखको किबी बिक्री हुने अपेक्षा गरिएको छ । किबीले सामान्यतया लगाएको कम्तीमा चार वर्षदेखि अधिकतम ३५ वर्षसम्म फल दिने गर्दछ । त्यसले गर्दा किसानलाई बिरुवा लगाइरहने झन्झट हुँदैन ।

"यस वर्ष उत्पादन राम्रो छ, हामीले पनि पालिकाका तर्फबाट सक्दो सहयोग गरेका छौँ", गाउँपालिका उपाध्यक्ष मञ्जुकुमारी दर्लामीले भन्नुभयो, "किसानलाई बिरुवा, मल, बजारलगायत क्षेत्रमा हामी सहयोग गर्छौं ।" उहाँले सिरकोटलाई किबीको नमुना गाउँको विकास गर्ने लक्ष्य पालिकाले लिएकाले किसानको समस्यामा पालिकासँगै रहने बताउनुभयो ।

किबीखेतीमा आकर्षित भएका किसानलाई राज्यकातर्फबाट राम्रो सहयोग मिलेको छ । सिँचाइका लागि जिल्लास्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले दुई वटा पोखरी निर्माण गरेको छ । सिरकोट किबीखेती पोखरी जल पुनर्भरव योजनाबाट चालु आर्थिक वर्षमा सिँचाइ विकास डिभिजन कार्यालयले ७५ घनमिटरका ६५ हजार लिटर पानी अट्ने पोखरी निर्माण गरेको हो । आकाशे पानी र खेर गएको पानी पोखरीमा जम्मा हुनेछ भने खडेरीका बेला पोखरीबाट सिँचाइ हुनेछ ।

रु १० लाखमा निर्माण भएका पोखरीबाट किसानलाई धेरै राहत मिलेको छ । "कृषिजन्य सामग्रीको उत्पादन बढाउने लक्ष्य हो", कार्यालय प्रमुख भरत सापकोटाले भन्नुभयो, "कार्यालयका तर्फबाट जिल्लाभर कुलो, पोखरी लगायतका क्षेत्रमा काम गरिरहेका छौँ ।" उहाँले सिरकोटका किसानको लोभलाग्दो मेहनत भएको पनि बताउनुभयो । त्यसैगरी कृषि ज्ञान केन्द्रले पनि दुई वटा पोखरी बनाएको छ भने किबीका लागि आवश्यक पिल्लरमा अनुदान दिएको छ । त्यसैगरी गाउँपालिकाले पनि अहिलेसम्म दुई हजार ५०० बिरुवा अनुदानमा उपलब्ध गराएको छ ।रासस


## श्री कण्टीर झा नमूना माध्यमिक विद्यालय

**जनकपुरधाम उप–महानगरपालिका वडा नं.:–२५, बभनगामा (धनुषा)**

### बोलपत्र आव्हानको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०२/०३ गते**

यस श्री कण्टीर झा नमूना माध्यमिक विद्यालय बभनगामाको विद्यालय व्यवस्थापन समितिको मिति २०८१।११।०२ गतेको धान खेतको जग्गा ठेक्का लगाउने निर्णय अनुसार आज मिति २०८२।०२।०३ गते बसेको वि.व्य.स सहितको सर्वदलीय बैठकबाट जनकपुरधाम उपमहानगरपालिका वडा नं २५ स्थित श्री कण्टीर झा नमूना माध्यमिक विद्यालय बभनगामाको स्वामित्वमा रहेको विद्यालयको सम्पूर्ण धान खेतका जग्गाहरु तपसिल वमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र (टेन्डर) आजको मितिले ७ (सात) दिन भित्र पेश गर्न सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. ठेकेदार नेपाली नागरिक हुनुपर्ने छ ।
२. ठेकेदार माथि कुनै किसिमको फौजदारी अभियोग नलागेको हुनुपर्नेछ।
३. ठेकेदार माथि कुनै किसिमको विद्यालयको जिन्सी र नगदी वाँकी बक्यौता हुनुपर्दैन ।
४. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पूर्जी लिएको मितिले ५ वर्षको हुनेछ ।
५. कबोल गरेको धरौटी वापतको रकमको १० प्रतिशत रकम यस विद्यालयको नाउंमा नेपाल बैंक लिमिटेड (सिटी अफिस स्टेशन शाखामा) रहेको चल्ती खाता न ००८००१००४६४२११००००००१ मा जम्मा गरेको सक्कलै बैंक भाउचर वा नगद खामवन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
६. रीत नपुगेको केरमेट भएको सहीछाप नभएको र म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
७. बोलपत्र मिति २०८२।०२।०९ गते दिनको २:०० बजे सम्म नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि साथ राखी वोलपत्र फाराम विद्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।
८. बोलपत्र फाराम भर्दा आफूले सकार गरेको रकम अंक तथा अक्षरमा समेत स्पष्ट रुपले उल्लेख गरी बोलपत्र फाराम खामभित्र राम्ररी बन्द गरी सिल लाहाछाप लगाई खाम बाहिर यस विद्यालयको नाम र आफ्नो नाम ठेगाना समेत बोलपत्र फाराममा स्पष्ट उल्लेख गरी यम विद्यालयमा दर्ता गराउनु पर्नेछ ।
९. बोलपत्र मिति २०८२।०२।०९ गते दिनको २:०० बजे सम्म दर्ता गरिसक्नु पर्नेछ। दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको ३०० बजे यस विद्यालयमा खोलिनेछ। बोलपत्र खोलिने बखत बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनु पर्नेछ। उपस्थित नरहेमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा सुरक्षित रहनेछ ।
११. बोलपत्र स्वीकृत भएको सूचना पाएपछि यो सूचनामा उल्लेखित म्यादभित्र ठेक्का करारनामा नगरी चलनपूर्जी नलिएमा ठेकेदारले राखेको रकम जफत गरी अर्को बन्दोवस्त गरिनेछ ।
१२. कबूल अंक बराबरको रकम पहिलो किस्ता ठेक्का प्राप्त गरेको ७ (सात) दिन भित्र चलन पूर्जी लिनु भन्दा पहिले बुझाउनु पर्नेछ ।
१३. विद्यालयले समय समयमा दिइने निर्देशन तथा आदेशहरु ठेकेदारले तदारुकताका साथ पालन गर्नुपर्नेछ ।
१४. ठेकेदार र विद्यालयवीच कुनै किसिमको मतभिन्नता भएमा विद्यालयको निर्णय मान्य हुनेछ ।
१५. विद्यालयको स्वामित्वमा रहेका तपसिल बमोजिमका जग्गाहरु ठेक्का बन्दोवस्तका लागि निम्न अनुसारको दररेटहरु कायम गरिएको छ।

| क्र.सं. | कित्ता नं. | क्षेत्रफल (विग्हा-कट्ठा-धुर) | प्रति विग्हाको न्यूनतम कबोल रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १७०,१७७,९२,१८७ | १-१२-१६ | रु. ८५००/- | |
| २ | १४१,१६५,१५९,७८,१२२ | १-१३-०७ | रु. ७२००/- | |
| ३ | १३३,८४,६५,३७,२५,५३,२१ | १-१३-१६ | रु. ८५००/- | |
| ४ | १०९,२२०,२२३ | १-१९-०७ | रु. ७२००/- | |
| ५ | १९८,१९९ | १-१९-०१ | रु. ७२००/- | |
| ६ | २४३,३३८,६,३,१३७,२०३,२०१ | १-१२-१७ | रु. ७२००।- | |
| ७ | २३३,२४९ | ३-०-१६ | रु. ८५००/- | |
| ८ | १८९,१९१ | १-१३-१७ | रु. ७२००/- | |
| ९ | २५५,२२३ | १-११-०६ | रु. ७२००/- | |

प्रधानाध्यापक



## हिमालयन बैंक लिमिटेडको धितो लिलाम बिक्रीको १५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्न बुझाउन पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्तबन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता नगरेकोले तपसिलमा उल्लेखित मितिहरुमा ३५ दिने सूचना प्रकाशित गरी सम्पूर्ण सांवा, ब्याज चुक्ता गर्न अनुरोध गर्दा समेत पनि आज सम्म उक्त कर्जाको सांवा र सोमा लागेको ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै ध्यान नदिएकोले धितो सुरक्षणमा रहेको तपसिलमा लेखिएको सम्पति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आजका मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित स्थानमा लिलाम विक्रि गरिने हुंदा लिलाममा डाक वढावढ गरी लिन इच्छुक महानुभावहरु सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पति लिलाम विक्रि गरिने वारे यसै सूचना बाट जानकारी गराएका छौं ।

**तपसिल**

| ऋणी/ऋणीहरूको विवरण | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालयः पिडारीचोक शाखा, जनकपुर धनुषा** | |
| १. प्रमेश्वर मण्डलको बुहारी शिवनारायण मण्डलको पत्नी धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ३ बस्ने **जमुन देवी मण्डल (ऋणी)**<br>**व्यक्तिगत जमानी दिनेः रासो देवी धनुकाईन, प्रमेश्वर मण्डल र शिव नारायण मण्डल**<br>**यसअघि प्रकाशित सूचनाः** मिति २०८१।०९।०५ को समाचार पत्र दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । | **ऋणी जमुना देवी मण्डलको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला सखुवा गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा. वडा नं. ३) स्थित कित्ता नं ३०२ को क्षेत्रफल ०–२–०–० (विघा) जग्गा समेत । |
| २. वाणिज्य विभाग जनकपुर धनुषामा प्रा.फ.र.नं. ११७३७/४४८/२०७५/०७६, स्थानीय व्यापार कायम भई मिति २०७५/०५/१३ मा दर्ता भएको **माँ जानकी इन्टरप्राइजेज (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः डिकेन्द्र यादव**<br>**व्यक्तिगत जमानी दिनेः रविन्द्र यादव, अनिता यादव र रश्मी यादव**<br>**यसअघि प्रकाशित सूचनाः** मिति २०८१।०९।१७ को कारोवार दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । | सुरेश यादवको बुहारी रविन्द्र यादवको पत्नी धनुषा जिल्ला मखनाह गा.वि.स. वडा नं. ९ भई हाल जनकपुरधाम उप म.न.पा. वडा नं. ९ बस्ने **अनिता यादवको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. ९ (हाल परिवर्तित जनकपुरधाम उप म.न.पा वडा नं. ९) स्थित कित्ता नं. ३ को क्षेत्रफल ०–१–३–३ (विघा) घर/जग्गा समेत । |
| ३. सरुप यादवको नाति, जनक यादवको छोरा धनुषा जिल्ला उमाप्रेमपुर गा.वि.स. वडा नं. ४ बस्ने **सर्व नारायण यादव (ऋणी)**<br>**व्यक्तिगत जमानी दिनेः राकेश कुमार यादव, रूपेश कुमार यादव, श्रीवती देवी यादव**<br>**यसअघि प्रकाशित सूचनाः** मिति २०८१।०५।२७ को कारोवार दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । | **ऋणी सर्व नारायण यादवको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला उमाप्रेमपुर गा.वि.स. वडा नं. २ ग (हाल परिवर्तित धनुषाधाम न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४१३ को क्षेत्रफल ०–४–१५–० र कित्ता नं. ४१० को क्षेत्रफल ०–५–१४–० (विघा) जग्गा समेत । |
| ४. घरेलु तथा साना उद्योग कार्यालय धनुषा, जनकपुरधाममा प्रा.फ.द.प्रप.नं. १११५९/१०५९/०७५/०७६ कायम भइ मिति २०७६/०२/१७ मा दर्ता भएको **अन्नपुर्णा नेचुरल फार्म (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः शिला देवी**<br>**व्यक्तिगत जमानी दिनेः उपेन्द्र साह सुडी, मिना देवी, अजय साह र राज बाबु साह** | १. शिव नन्दनु साह सुडीको नाति उपेन्द्र साह सुडिको छोरा महोत्तरी जिल्ला बगडा गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित लोहारपट्टी न.पा. वडा नं. २) बस्ने **राज बाबु साहको** नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला सिंग्याही गा.वि.स वडा नं. ८क (हाल परिवर्तित भंगहा न.पा. वडा नं. २) स्थित कित्ता नं. ४८५ को क्षेत्रफल ०–१–०–० -विघा) जग्गा ।<br>२. सरुप साहु सुडिको नाति शिव नन्दन साहु सुडीको छोरा महोत्तरी जिल्ला बगडा गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित लोहारपट्टी न.पा. वडा नं. २) बस्ने **उपेन्द्र साहु सुडिको** नाममा दर्ता कायम रहेकोः<br>(क) महोत्तरी जिल्ला बगडा गा.वि.स वडा नं. ६ख (हाल परिवर्तित लोहारपट्टी न.पा. वडा नं. २) स्थित कित्ता नं. २९५ को क्षेत्रफल ०–१–१२–० जग्गा समेत ।<br>(ख)महोत्तरी जिल्ला बगडा गा.वि.स. वडा नं. ८ (हाल परिवर्तित लोहारपट्टी न.पा. वडा नं. २) स्थित कित्ता नं. ४९२ को क्षेत्रफल ०–२–४.५–० (विघा) जग्गा समेत ।<br>३. उपेन्द्र साह सुडिको बुहारी राजबाबु साहको पत्नी जगदिश महतोको छोरी महोत्तरी जिल्ला वगडा गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित लोहारपट्टी न.पा. वडा नं. २) बस्ने **शिला देवीको** नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला बगडा गा.वि.स. वडा नं. ८ (हाल परिवर्तित लोहारपट्टी न.पा. वडा नं. २) स्थित कित्ता नं. २७४ को क्षेत्रफल ०–८–०–० (विघा) जग्गा समेत । |
| ५. वाणिज्य विभाग (जारी गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, धुनषा जनकपुर) मा प्रा.फ.र.नं. ५५९८/११४४/०६९/७० कायम भइ मिति २०७०/०१/२५ मा दर्ता भएको **न्यु नेहा बस्त्रालय (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः राज बाबु साह**<br>**व्यक्तिगत जमानी दिनेः शिला देवी, उपेन्द्र साह सुडी, अजय साह, मिना देवी**<br>**यसअघि प्रकाशित सूचनाः** मिति २०८१।११।०२ को कारोवार दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । | |

**लिलामीका शर्तहरू :**

१) लिलाममा अन्तिम पटक सबै भन्दा वढी कवोल गर्ने व्यक्तिले आफुले बोलको अंकको १० प्रतिशतले हुने रकम नगद/गुड फर पेमेन्ट चेक/बैंक मैनेजर चेक धरौटी वापत तुरुन्त यस बैंकमा बुझाउनु पर्नेछ । दा.खा./नामसारी गर्दा सम्बन्धित कार्यालयहरुमा लाग्ने सम्पुर्ण रजिष्ट्रेशन शुल्क, लाभकर, एकृकित सम्पत्ति, घरबाटो सिफारिस, बक्यौता कर दायित्व समेत लिलाम सकार गरी लिनेले नै वुझाउनु पर्नेछ ।
२) डांक बढाबढ गर्दा सबैभन्दा बढी अंक वोलकवोल गर्ने व्यक्तिलाई चल/अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । लिलाम डांक बढाबढ हुनु अगावै ऋणीको तर्फबाट बैंकलाई भुक्तानी गर्नुपर्ने रकम बुझाएमा लिलाम बिक्री कार्य रद्द गरिनेछ ।
३) लिलाम सकार गर्ने व्यक्तिले बैंकबाट लिलाम निश्चितको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई चल/अचल सम्पति बुझिनलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४) लिलामको दिन बैंक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
५) लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (बैंक सरकारी विदा बाहेक) पुनः लिलामको कार्य हुनेछ ।
६) लिलाम विक्री हुने चल/अचल सम्पतिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस बैंकको सम्बन्धित शाखा कार्यालयमा समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
७) यस बैंकको सम्बन्धित शाखा कार्यालयमा अपरान्ह १२:०० बजे देखी २:०० बजे सम्म लिलामको डांक बढाबढ हुनेछ ।
८) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७(७) अनुसार लिलाम विक्री गर्दा कसैले नसकारेमा बैंकले उक्त सम्पतिको स्वमित्व आफुमा लिन सक्नेछ ।
९) लिलामबाट बैंकको कर्जा रकम चुक्ता नभएमा वा बैंकले सकार गरि लिदा समेत सम्पूर्ण कर्जा चुक्ता नभएमा कर्जाको लागि ऋणी तथा व्यक्तिगत जमानि दिने जमानतकर्ता समेत उपर बाँकी रकमको लागि संम्बन्धित निकायमा मुद्दा दायर गरिने छ ।

**लिलाम हुने मिति : २०८२ साल जेष्ठ महिना १८ गते आइतबार ।**

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं

# मधेश प्रदेश: स्थानीय तहमा आर्थिक अराजकता

**टुडे समाचारदाता**

जनकपुरधाम।मधेशप्रदेशको स्थानीय तहमा आर्थिक अराजकता मौलाउँदै गएको महालेखा परीक्षकको कार्यालयले जनाएको छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको ६२औँ लेखा परीक्षणले स्थानीय तहमा आर्थिक अराजकता मौलाउँदै गएको देखाएको छ।


महालेखापरीक्षकको कार्यालयले मधेश प्रदेश प्रमुखको कार्यालयलाई आर्थिक वर्ष ०८०/०८१ को लेखा परीक्षणको प्रतिवेदनमा आर्थिक अराजकता बढ्दै गएको देखाइएको छ।

तीन स्थानीय तहमध्ये बढी बेरुजु अन्य तहभन्दा स्थानीय तहको रहेको महालेखाको प्रतिवेदनमा छन्। जसअनुसार यस आवमा संघ सरकारअन्तर्गत १.५४ प्रतिशत बेरुजु हुँदा प्रदेशअन्तर्गत १.३६ प्रतिशत बेरुजु देखिएको छ । यी दुवै तहभन्दा बढी स्थानीय तहको २.२६ प्रतिशत बेरुजु रहेको छ।

७५३ स्थानीय तहमध्ये बेरुजु नहुनेमा काभ्रेपलाञ्चोकको महाभारत गाउँपालिकाबाहेक अन्य सबै पालिका बेरुजु रहेको छ भने उच्च स्तरको बेरुजु मधेश प्रदेशका स्थानीय तहमै देखिएको छ।

१० प्रतिशतभन्दा बढी बेरुजु हुने पालिकामा सबै पालिका मधेश प्रदेशका मात्र रहेका छन् । आर्थिक वर्ष ०८०/०८१ मा १० प्रतिशत बढी बेरुजु हुनेमा रौतहटका मात्र चार पालिका छन् ।

१८ पालिका रहेको रौतहटमा १० प्रतिशत बढी बेरुजु हुनेमा बृन्दावन नगरपालिका एक हो। जसको



११.८४ प्रतिशत बेरुजु रहेको छ । जुन १६ करोड ७३ लाख ५ हजार बेरुजु हो। गत वर्ष १०.५१ प्रतिशत यस पालिकामा बेरुजु थियो ।

त्यस्तै, फतुवा विजयपुर नगरपालिकाको १०.०६ प्रतिशत बेरुजु छ । जुन ९ करोड ६० लाख ५५ हजार रुपैयाँ हो। गत वर्ष ७.७२ प्रतिशत आर्थात ७ करोड २५ लाख ७४ हजार बेरुजु थियो । गढीमाई नगरपालिकाको १४.१९ प्रतिशत बेरुजु पुगेको छ । जुन १९ करोड ३४ लाख ९७ हजार हो । गत वर्ष यस पालिकाको बेरुजु १२.६३ प्रतिशत थियो ।

कटहरिया नगरपालिकाको १२.९३ प्रतिशत बेरुजु छ। जुन १६ करोड ४८ लाख ६३ हजार हो। गत वर्ष १२.९२ प्रतिशत यस पालिकाको बेरुजु थियो ।

त्यसैगरी सर्लाहीका दुई वटा र सिराहका दुई पालिकामा १० प्रतिशत बढी बेरुजु छ । जसमा सर्लाहीको बागमती नगरपालिकाको १३.३१ प्रतिशत बेरुजु छ। जुन २० करोड ४२ लाख २३ हजार रुपैयाँ हो। गत वर्ष यस पालिकाको ७.५४ थियो अर्थात १५ करोड ८८ लाख १२ हजार थियो ।

सर्लाहीकै गोडैता नगरपालिकाको १२.२५ प्रतिशत बेरुजु छ । जुन १३ करोड ३५ लाख ८४ हजार रुपैयाँ हो। अघिल्लो वर्ष ३.८३ अर्थात ६ करोड ४६ लाख ८५ हजार मात्र बेरुजु छ । एकै वर्षमा ३ बाट बेरुजुको छलाङ हानेर यस पालिकामा १२ प्रतिशत बढी पुगेको छ।

सिराहको विष्णुपुर गाउँपालिकाको १४.३३ प्रतिशत बेरुजु छ। जुन १२ करोड १२ लाख ६८ हजार रुपैयाँ हो। गत वर्ष यो १०.३० थियो, जुन ८ करोड ९ लाख ३५ हजार हो। सिराहकै नराहा गाउँपालिकाको १०.६८ प्रतिशत बेरुजु छ। जुन ७ करोड ९४ लाख ९२ हजार हो। गत वर्ष ११.२० प्रतिशत थियो। जुन ९ करोड ४३ लाख ३४ हजार हो ।

देशमा आर्थिक अराजकता हुँदाहुँदै पनि गरे सम्भव छ भन्ने देखाउने गरी केही पालिकाले बेरुजु घटाउँदै गएका छन् ।

रौतहटको राजापुर नगरपालिकाको १०.५९ प्रतिशत थियो । अहिले घटाएर बेरुजु ६.२० प्रतिशतमा ल्याएको छ । सर्लाहीको चन्द्रनगर गाउँपालिकाको गत वर्ष १०.३० प्रतिशत बेरुजु थियो। अहिले घटेर ६.१४ प्रतिशत ल्याएको छ ।

त्यसैगरी महोत्तरीको लोहरपट्टी नगरपालिकाको गत वर्ष ११.२३ प्रतिशत बेरुजु थियो । अहिले घटेर ९.५३ प्रतिशत रहेको छ । महोत्तरीको बलवा नगरपालिका ११.८५ थियो। अहिले घटेर ८ प्रतिशत छ।

सिराहाको लक्ष्मीपुर पतारी गाउँपालिकाको २५.३५ प्रतिशत बेरुजु थियो । जुन २५ करोड ७७ लाख ३ हजार हो । अहिले घटेर १.३७ प्रतिशत छ । अब बाँकी बेरुजु तिर्न १ करोड ३९ लाख ५४ हजार रहेको छ ।

सिराहको लहान नगरपालिका १२.७६ प्रतिशत रहेको थियो भने अहिले घटेर ०.७९ प्रतिशत बेरुजु रहेको सो प्रतिवेदनमा देखिएको छ ।

# संगठन निर्माण अभियानको समय थप



**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालको संगठन निर्माण अभियान जारी रहने भएको छ । पार्टीका प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले पार्टीले वैशाख मसान्तसम्म सञ्चालन गर्ने भनी तय गरेको ' जनतासँग जसपा नेपाल, आधार भूत संगठन निर्माण अभियान' ले निरन्तरता पाउने जनाएका छन् ।

'अभियानले पार्टीमा नयाँ ऊर्जा र उत्साह थपेको छ । वैशाख मसान्तसम्म स्थानीय तहअन्तर्गत अधिकांश वडा समिति, पालिका समिति, जिल्ला समिति र भ्रातृसंगठनहरुको अधिवेशन सम्पन्न भएका छन् । कतिपय स्थानीय तह तथा पहिचानमा आधारित राष्ट्रिय समिति र प्रदेश समितिको अधिवेशन सम्पन्न गर्ने कार्य बाँकी रहेकोले अभियानले निरन्तरता पाउने छ,' प्रमुख बस्नेतले भने ।

अभियानको यस अवधिमा विभिन्न तहका पार्टी समितिको अधिवेशन, पार्टी प्रवेश, अन्तरक्रिया, प्रशिक्षण, भेला, पार्टी सदस्यता नवीकरण तथा वितरणका कार्यहरू गरिएको उनले बताए ।

जसपा नेपालले गत भदौ महिनादेखि पार्टीका सम्पूर्ण केन्द्रीय समिति सदस्यहरूलाई पालिका (नगरपालिका र गाउँपालिका) समितिको जिम्मेवारीमा खटाइ संगठन विस्तार अभियान चलाएको थियो । पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्यहरूलाई अनुगमनको जिम्मेवारी दिई सञ्चालन गरिएको अभियानबारे थप निर्णय पार्टीको बैठकले गर्ने जनाइएको छ ।

# हुलाकी लोकमार्ग निर्माणको माग गर्दै बाटो अवरुद्ध

**टुडे समाचारदाता**

राजविराज । हुलाकी लोकमार्गमा सडक निर्माण ५ वर्ष विते पनि पूर्णरूपमा सडक अझै बन्न सकेको छैन । शनिबार राजविराज- २ मा सडक निर्माणको माग गर्दै स्थानीयवासीले विरोध गरेका छन् ।

हुलाकी लोकमार्गअन्तर्गत सप्तरीको राजविराज-कञ्चनपुर जोड्ने सडक कालोपत्र नगरी अलपत्र अवस्थामा छोडिँदा स्थानीयहरूले बाटो अवरुद्ध गरेको थियो । राजविराज सडक खण्डमा करिब दुई किलोमिटर सडकसमेत कालोपत्रे हुनसकेको छैन । बज्रगुरु निर्माण सेवा जेभीको ठेक्कामा रहेको सो सडक कालोपत्र नहुँदा सुक्खा याममा धुलो र वर्षातमा हिलोको समस्या भइरहेको स्थानीय शंकर दासले गुनासो गरे ।

राजविराजबाट जिल्लाको पूर्वमा महेन्द्र लोकमार्ग जोड्ने तिरहुत गाउँपालिका, कञ्चरूप नगरपालिका, सप्तकोसी नगरपालिका र उदयपुर जिल्लाको पूर्वी



भेकका लामो तथा छोटो दूरीका सवारी साधन सञ्चालनमा अवरोध हुने गरेको उनले बताए ।

त्यस्तै तिरहुत गाउँपालिका-५ स्थित बुधेवामा पुल निर्माण भए पनि त्यससँग जोडिएको एक किलोमिटर सडक कालोपत्र गर्न ढिलाइ भएको छ । हुलाकी सडक योजनाको निर्माण कम्पनी बज्रगुरुका प्रतिनिधि कुशकुमार उपाध्यायले राजविराज नगर क्षेत्र भित्र सिमा विवादको कारण काम गर्न ढिलो भएको बताए ।

विवाद रहित क्षेत्रमा सडक निर्माणको काम ७५ प्रतिशत पूरा भइसकेको जानकारी दिँदै उनले राजविराजस्थित कोशी पम्प नहरदेखि हनुमानमन्दिर सम्मको सडक निर्माण कार्यको विवादको कारण करिब २ किलोमिटर मात्र सडक निर्माण हुन बाँकी रहेको जानकारी दिए । उनले अहिले नाला निर्माणको काम सम्पन्न भएपछि सडक कालोपत्रेको काम तयारी अवस्थामा रहेको बताए ।

उनले २०७५ सालदेखि प्रारम्भ गरिएको सडक निर्माण कार्य स्थानीयको अवरोध र पुल निर्माण समयमा नभएको कारण सडक निर्माण ५ वर्ष ढिलो भएको सञ्चारकर्मीलाई जानकारी दिए । उनका अनुसार सडक निर्माण आगामी २०८२ जेठ, असार महिनासम्ममा सम्पन्न गर्ने बताए । उनले राजविराज- ३ वडाले काम गर्न अवरोध गरेको कारण निर्माण अवरुद्ध हुन पुगेको बताए । उनले राजविराज- ३ वडाले काम गर्न अवरोध नगरे समय सीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने बताए ।

राजविराज नगरपालिकाका प्रवक्ता तथा ८ नम्बर वडाध्यक्ष जयनारायण मण्डलका अनुसार ३ वडाले काम गर्न गरेको अवरोधलाई सहमतिबाट समस्याको समाधान गर्ने बताए । उनले नगर क्षेत्रभित्र करिब २ किलोमिटर सडक निर्माण नहुँदा स्थानीय धुलो र हिलो भएर आवतजावत गर्न बाध्य रहेको बताए ।

# स्थानीय तहमा न्याय र समन्वयका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको कविलासी नगरपालिका वडा नं. २ स्थित पिपरियामा शनिवार स्थानीय तहमा न्याय र समन्वय कसरी प्रभावकारी बनाउने भन्ने उद्देश्यका साथ 'स्थानीय समन्वय र न्यायको लागि उपमेयर' भन्ने विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन सत्रमा वक्ताहरुले स्थानीय तहमा न्यायिक समितिको भूमिका, अधिकार र कार्यदायित्वबारे धारणा राखेका थिए । न्यायिक समितिमा आउने गुनासो कसरी सुन्ने, सेवा प्रवाहमा पारदर्शीता कसरी कायम गर्ने, विवाद समाधानका उपायहरू, कमजोर र पछाडि पारिएका समुदायको न्यायमा पहुँच कसरी सुनिश्चित गर्ने भन्ने विषयमा धारणा राखेका थिए ।

उपमेयर पुनम कर्णले न्यायिक सेवा जनताको पहुँचमा पुऱ्याउन स्थानीय तहलाई अझ सशक्त र उत्तरदायी बनाउन यस्ता कार्यक्रमले सघाउने बताए । उनले जनप्रतिनिधि र नागरिकबीचको संवाद र विश्वासको सम्बन्ध मजबुत बनाउने दिशामा यस्ता प्रयासहरू उपयोगी हुने विश्वास व्यक्त गरे ।



सो कार्यक्रमको दोस्रो सत्रमा सहभागीहरूलाई न्यायिक समितिको कानुनी संरचना, उद्देश्य, काम गर्ने प्रक्रिया, मेलमिलाप विधि, निर्णय लिने आधार, उजुरी दर्ता गर्दा लाग्ने खर्च, स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेखित न्यायिक अधिकारको दायरा लगायतका विषयमा विस्तारपूर्वक जानकारी प्रदान गरिएको थियो । यसका साथै न्यायिक समितिले हेर्न मिल्ने र नमिल्ने विवादको विषयहरुमा जानकारी गराइएको थियो ।

सो कार्यक्रमको औपचारिक उद्घाटन नेपाल नगरपालिका संघकी मधेस प्रदेश केन्द्रीय सदस्य समेत रहेकी उपमेयर कर्णलगायतकाहरुले गमलामा रोपिएको बिरुवामा पानी हालेर गरेका थिए । वातावरणमैत्री र शान्तिपूर्ण सन्देश दिने उद्देश्यले गरिएको उक्त उद्घाटन कार्यक्रमले सबैको ध्यान तानेको थियो ।

यस्ता कार्यक्रमले नागरिकमा कानुनी चेतना अभिवृद्धि गर्नुका साथै स्थानीय सरकारप्रति विश्वास बढाउने विश्वास लिइएको पत्रकार महासंघ सर्लाहीका उपाध्यक्ष बन्दना झाले बताइन् । सो कार्यक्रमको सञ्चालन शिक्षक सन्तोष कर्णले गरेका थिए ।

इम्प्याक्ट इनीशिएटिभ नेपाल सर्लाहीको संयोजन तथा कविलासी नगरपालिकाको आयोजनामा सम्पन्न भएको उक्त कार्यक्रममा कविलासी नगरपालिकाकी उपमेयर पुनम कर्ण प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा इम्प्याक्ट सर्लाहीका संयोजक विकास यादवले अध्यक्षता गरेका थिए ।

सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तुलसी बहादुर श्रेष्ठ, सशस्त्र प्रहरीका एसपी देव चन्द्र, अनुसन्धान प्रमुख राम रिझन यादव, अगर्वाका पूर्व गाविस अध्यक्ष विनय कर्ण, विभिन्न वडाका अध्यक्षहरू, वडा सदस्यहरू, समाजसेवी, सञ्चारकर्मी तथा स्थानीय नागरिकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# गाडीबाट लडेर युवकको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । पूर्व- पश्चिम राजमार्ग अन्तर्गत रौतहटको चन्द्रपुर नगरपालिका स्थित दुर्घटनामा परेर एकजना अन्दाजी ३५ वर्षीय युवकको मृत्यु भएको छ । मृतकको पहिचान र दुर्घटना भएको गाडीको हालसम्म यकिन खुल्न नसकेको ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरका प्रमुख डिएसपी राजकुमार राईले बताएका छन् ।

गएराति १० बजेको समयमा चन्द्रपुर- ४ स्थित पुर्व पश्चिम राजमार्ग सडक खण्डमा उक्त युवक दुर्घटना भइ घाईते अवस्थामा लडेको फेलापरेको थियो । प्रहरी गस्ती टोलीले तत्काल निजलाई उद्दार गरी उपचारको लागी



स्थानिय अस्पतालमा पठाईएकोमा डाक्टरले मृत घोषणा गरेको डिएसपी राईले बताएका छन् ।

राजमार्गमा गुडिरहेको कुनै गाडीबाट लडेर उक्त दुर्घटना भएको हुनसक्ने अनुमान गरिएको डिएसपी राईको भनाइ रहेको छ ।

मृतकको शव पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुरमा राखिएको तथा घटना सम्बन्धी अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरले जनाएको छ ।मृतकलाई चिन्ने सरोकारवालाहरुले इलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरमा सम्पर्क गर्न प्रहरीले आग्रह गरे ।

# विद्यार्थीलाई साइकल वितरण




**टुडे समाचारदाता**

रौतहट । रौतहटको मध्यभाग गरुडा नगरपालिकाका मेयर कन्थमणि प्रसाद जैसवालले छात्राहरुलाई साइकल बितरण गर्ने कार्यक्रम लाई निरन्तरता दिएका छन् ।

छात्रालाई उच्च शिक्षा तर्फ आकर्षित गर्ने तथा टाढा टाढाबाट अध्ययन गर्न विद्यालय क्याम्पससम्म पुग्न सहज हुने उद्देश्यले साइकल वितरण कार्यक्रमलाई निरन्तरता दिएको मेयर जैसवालले बताएका छन् । सोही कार्यक्रमलाई निरन्तरता दिँदै गरुडा नगरपालिका- ९ स्थित नयाँ गम्हरिया श्रीपुर स्थित श्रीमाध्यमिक विद्यालयमा २२ जना दलित, गरिब तथा जेहेन्दार छात्राहरूलाई साइकल वितरण गरिएको गरुडाका प्रमुख प्रशासकीय अधिकृत महमद मुस्ताख आलमले बताएका छन् ।

त्यसैगरी गरुडा नगरपालिका ७ स्थित श्रीमावि पिपरिया दोस्तियामा एक कार्यक्रमको आयोजना गरी २२ जना दलित तथा गरिब छात्राहरुलाई साइकल वितरण गरिएको प्रशासकिय अधिकृत आलमले जानकारी दिएका छन् ।

सो अवसरमा मेयर जैसवालले छात्राहरुलाई साईकल बितरन गर्न पाउँदा निकै खुशी लागेको बताएका थिए । उनले शिक्षामा समान अवसर सुनिश्चित गर्न र बालिकाहरुको पहुँचलाई सहज बनाउन यस कार्यक्रमले सकारात्मक प्रभाव पार्नेछ भन्ने विश्वास लिएको बताएका थिए ।

मेयर जैसवालले गरुडा नगरपालिकाले आगामी दिनमा समेत शिक्षा, स्वास्थ्य र सामाजिक न्यायका क्षेत्रमा यस्तै जनउत्तरदायी कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्दै शिक्षा सशक्तिकरण र समावेशीताको अभियानमा निरन्तर अग्रसर रहने प्रतिबद्धता जनाएका थिए । गरुडा नगरपालिकाले यस अघि बिभिन्न विद्यालयहरूमा अध्ययनरत सैयौं छात्रा लाई नि:शुल्क साइकल बितरण गर्दै आएको छ ।


## हावाहुरीबाट जोगिने उपाय

- घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी कसेर बाधौं ।
- गमलालाई सुरक्षित तरिकाले राखौं ।
- जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थान जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आवश्यकता

जनकपुरधाममा संचालित अति सुविधा सम्पन्न होटल अंजनी सुइट प्रा.लि.का लागि तपसिल बमोजिमको कर्मचारीहरू आवश्यक परेको इच्छुक तथा योग्य उम्मेदवारहरुले ७ (सात) दिन भित्र आफ्नो बायोडाटा सहित सम्पर्क गर्नु हुन अनुरोध छ ।




| सि. नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | मेनेजर | १ (एक) | स्नातक उत्तीर्ण गरी कम्प्युर सम्बन्धी ज्ञान भएको तथा अंग्रेजी बोल्न सक्ने |
| २ | रिसेप्शनिस्ट (महिला) | १ (एक) | |

नोट : अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।
तलब सुविधा : आकर्षक

सम्पर्क नं. : ९८५४०२६०२५, ९८०११२७४९१
email: anjanisuite@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८